नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३०, अंक ७ काठमाडौं | २०८१ पुस १७ बुधबार | पौष शुक्लपक्ष, द्वितीया नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Wednesday 1 January 2025 | पृष्ठ ८ | मूल्य रु ५।-

## विद्यार्थीलाई उमेर हद, पार्टी हाँक्दै 'बयोवृद्ध'



**नकुल अर्याल/हिटा**

काठमाडौं, १६ पुस

विद्यार्थी राजनीतिको औचित्य र संगठनहरूको भूमिकाकै बारेमा प्रश्न उठिरहेका बेला विद्यार्थी राजनीतिलाई पुनः जागृत गर्ने विभिन्न उपायहरूको खोजी भइरहेको छ । जसमध्ये उमेर हदलाई मुख्य औजार मान्न थालिएको छ । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघमा ३२ वर्षे उमेर हद लागेको दुई वर्षपछि नेकपा माओवादी केन्द्रको भ्रातृ संगठन अनेरास्ववियु (क्रान्तिकारी) मा पनि ३२ वर्षे उमेर हद लाग्ने भएको छ । अनेरास्ववियु क्रान्तिकारीको हालै सम्पन्न महाधिवेशनमा उमेर हदको विषयमा विवाद भएपछि निर्वाचनबाटै उमेर हदबारे निर्णय लिइएको छ । अखिल क्रान्तिकारीका विद्यार्थीहरूले उमेर हद लगाउने पक्षमा बहुमत प्रकट गरेसँगै ३२ वर्षे उमेर हद लाग्ने भएको हो । त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियनमा यसअघि नै २८ वर्षे उमेर हद लगाइसकेको छ । विद्यार्थी राजनीतिमा उमेर हदको अभ्यास उन्नत हुँदा राजनीतिक दलमा भने 'वृद्धहरूको रजाइँ' कायमै छ । उमेरका हिसाबले मूलधारका मुख्य दलहरूमा 'वृद्धभत्ता' लिने उमेर भइसकेकाहरूको नेतृत्व विद्यमान छ ।

संसारभर राजनीतिमा उमेर हद लगाइनुपर्छ र लगाइनुहुन्न भन्ने दुईखाले मतहरू छन् । राजनीतिलाई उमेरभन्दा अनुभव र जनमतको रूपमा बुझ्नेहरू उमेर हदको विपक्षमा देखिन्छन् । राजनीतिलाई पनि व्यवस्थित गर्नुपर्छ र सबै भूमिकाका लागि उपयुक्त उमेरले अर्थ राख्छ भन्नेमा विश्वस्त हुनेहरू उमेर हदको पक्षमा छन् । नेपालमा लामो समयदेखि शीर्ष राजनीतिक अनुहार एकै छ । खासगरी २०४६ सालको राजनीतिलाई नेतृत्व गर्नेहरूले नै अहिले २०८१ को राजनीतिलाई पनि नेतृत्व गरेकै छन् । आफ्ना विद्यार्थी संगठनमा उमेर हद लगाउने पार्टीहरूले आफ्ना लागि भने कुनै उमेर हद लगाएका छैनन् ।

नेकपा एमालेले विगतमा पार्टीभित्र ७० वर्षको उमेर हद लगाएको थियो । यद्यपि, गत महाधिवेशनमा केपी शर्मा ओलीसहितका नेताहरूको व्यवस्थापन गर्न उमेर हद हटाइयो । अहिले एमालेमा मात्रै होइन उसको विद्यार्थी संगठन अनेरास्ववियुमा पनि उमेर हद छैन । नेपाल विद्यार्थी संघमा ३२ वर्षे उमेर हद लगाउनुभएका कांग्रेस सभापति शेरबहादुर देउवा स्वयं आठ दशक उमेर पुगिसक्दा पार्टीको नेतृत्वमा हुनुहुन्छ । सत्ताको नेतृत्वका लागि अझै केही वर्ष कुर्ने स्थिति देखिन्छ । हालै अनेरास्ववियु क्रान्तिकारीमा ३२ वर्षे उमेर हद लागे पनि मातृपार्टी नेकपा माओवादी केन्द्रमा ३२ वर्षदेखि प्रचण्डकै नेतृत्व जारी छ । राजनीति र उमेर हदको यो विरोधाभासले विद्यार्थी संगठन र पार्टी राजनीति दुवैको सुधार नगराउने देखिन्छ ।

विद्यार्थी राजनीतिमा उमेर हद लगाइनुको अर्थ सक्रिय विद्यार्थीले नै संगठनको नेतृत्व गरोस् भन्ने उद्देश्य हो । उमेर हद नहुँदा पढाइ छाडिसकेका, अध्ययनमा निरन्तरता नभएकाले पनि विद्यार्थीको नेतृत्व दाबी गर्ने अवस्था विद्यमान रहन्छ । उमेर हदकै कारणले विद्यार्थी संगठनहरूको सार्वजनिक छविमा तात्त्विक सुधार आएको भने देखिँदैन । ३२ वर्षको उमेर हद लागेको नेपाल विद्यार्थी संघले आफ्नो महाधिवेशन गराउन सकिरहेको छैन । पार्टी नेताहरूकै निगाहको प्रतीक्षा गर्ने क्रमले नेविसंघमा ७५० भन्दा बढीको केन्द्रीय समिति छ ।

उमेर हदभित्रै विद्यार्थी राजनीतिमा स्थापित भएकाले उमेर छँदै पार्टीमा भूमिका पाउने सम्भावना पनि कम छ । विद्यार्थी राजनीतिमा छोटो समयमै केन्द्रीय नेतृत्व पाउने तर पार्टी नेतृत्वमा आउन समय लाग्ने अवस्था बन्दा नेतृत्वको क्षयीकरण हुने सम्भावना बढी रहन्छ । राजनीतिमा उमेर हद लगाउने वा नलगाउने बहस आफ्नो ठाउँमा छ तर विद्यार्थीलाई मात्रै उमेर हद लगाएर वृद्धहरूले राजनीति हाँक्ने प्रचलन भने अस्वाभाविक छ । राजनीतिमा उमेरभन्दा विचार र क्रियाशीलता नै निर्णायक हुन्छ । नेपालमा भने बाचुन्जेल राजनीतिको केन्द्रमा रहने, राजनीतिबाट स्वभाविक अवकाश नमिल्ने र पटकपटक नेतृत्वमा एकै व्यक्ति आइरहने प्रवृत्ति हावी छ । यस्तो विरोधाभास चिर्नु आज राजनीतिक दलहरूको मुख्य जिम्मेवारी हो । त्यसका लागि विद्यार्थी संगठनको खबरदारी उत्तिकै जरुरी छ ।

विद्यार्थी संगठनमा उमेर हदको प्रभाव के कस्तो रहला भन्ने समीक्षा गर्न अझै केही समय पर्खनैपर्ने हुन्छ तर विद्यार्थी

» पृष्ठ २ मा क्रमशः

### फर्केर हेर्दा

## राजनीतिक उथलपुथलको वर्ष–२०२४



**डिबी शर्मा/हिटा**

काठमाडौं, १६ पुस

एउटा वर्ष सकिनु भित्तामा पात्रो फेरिनु मात्रै होइन । विगतमा भएका घटना र यसबाट पाठ सिक्दै आगामी सम्भावनाको खोजी पनि नयाँ वर्षले गर्छ । विगतमा भएका घटनाबाट व्यक्ति, समाज र राष्ट्रले धेरै शिक्षा लिनसक्छ । आगामी वर्षमा कसरी अघि बढ्ने भन्नेबारे मार्गचित्र बनाउन सक्छ । आजदेखि अंग्रेजी नयाँ वर्ष अर्थात् सन् २०२५ सुरु भएको छ । नयाँ वर्षलाई स्वागत गर्दैगर्दा पुरानोलाई नसम्झिने कुरै भएन । सन् २०२४ मा विश्वमा धेरै घटनाहरू भए । अघिल्लो वर्ष विश्वमा ठुल्ठूला राजनीतिक घटनाहरू भए । विश्वका ठूला राष्ट्रमा चुनाव हुनेदेखि केही देशमा सत्तापलटका अप्रत्याशित घटना पनि भए । नोभेम्बरमा अमेरिकामा भएको राष्ट्रपतीय निर्वाचनसम्म विश्वभर धेरै महत्त्वपूर्ण घटनाहरू भए । बंगलादेशमा विद्यार्थी आन्दोलनका कारण शेख हसिनाले देश छोड्नुपऱ्यो । सिरियामा विद्रोह भयो । इजरायलले लेबनानमा हिजबुल्लाह लडाकुहरूलाई मार्न हतियारको रूपमा पेजर प्रयोग गऱ्यो ।

### अमेरिकामा ट्रम्पको कमब्याक, बंगलादेश र सिरियामा सत्तापलट

सन् २०२४ मा अमेरिकामा राष्ट्रपतिको निर्वाचन भएको थियो । चुनावमा डोनाल्ड ट्रम्पले ऐतिहासिक जित दर्ता गर्दै कमब्याक गर्नुभयो । इलेक्टोरल कलेजमा ट्रम्पले २९५ र कमला ह्यारिसले २२६ मत प्राप्त गर्नुभयो । डोनाल्ड ट्रम्पले आगामी २० जनवरीमा अमेरिकी राष्ट्रपतिको रूपमा शपथ लिनुहुने छ ।

» पृष्ठ २ मा क्रमशः

### बशर अल–असदको पतन

सिरियामा इस्लामवादी विद्रोही समूह हयात ताहरिर अल-साम (एचटिएस)द्वारा नोभेम्बर २७ मा सुरु गरिएको ११ दिनको अप्रत्याशित आक्रमणपछि राष्ट्रपति बशर अल-असद देशबाट मस्को भाग्न बाध्य हुनुभयो । दमास्कसको पतनको एउटा प्रतीकात्मक क्षण कुख्यात सेदनया जेलबाट कैदीहरूको रिहाइ थियो । राजधानीको उत्तरमा रहेको त्यो जेल विशेष गरी २०११ मा सिरियाको गृहयुद्ध सुरु भएदेखि असद वंशको ५० वर्षको शासनअन्तर्गत यातना र मृत्युदण्डको

» पृष्ठ २ मा क्रमशः

### लेबनान पेजर आक्रमण

इजरायलले लेबनानमा हिजबुल्लाह लडाकुहरूलाई मार्न हतियारको रूपमा पेजर प्रयोग गऱ्यो । यसमा ब्याट्री नजिकै विस्फोटक पदार्थ राखिएको थियो र सही समय आएपछि विस्फोट गराइएको थियो । हिजबुल्लाह लडाकुहरूले लामो समयदेखि यसको प्रयोग गर्दै आएका थिए, तर उनीहरूलाई यसको बारेमा थाहा पनि थिएन । हमासले ७ अक्टोबरमा २०२३ मा इजरायलमा आक्रमण गरेको थियो । यस हमलामा १२०० जनाको मृत्यु भएको थियो भने हमासले २५१

» पृष्ठ २ मा क्रमशः

### भारत र क्यानडाको सम्बन्ध बिग्रियो

सन् २०२४ मा भारत र क्यानडाबीचको कूटनीतिक सम्बन्धमा तनाव देखियो । क्यानडामा पृथकतावादी सिख नेता हरदीप सिंह निज्जरको हत्यापछि विवाद सुरु भएको थियो । ती नागरिक क्यानडाका नागरिक थिए । क्यानडाले यो हत्यामा भारतको संलग्नता रहेको आरोप लगाएको छ । भारतले यसको

» पृष्ठ २ मा क्रमशः

### सबैभन्दा तातो वर्ष

जलवायु परिवर्तनको असर गतवर्ष पनि जबरजस्त देखियो । विनाशकारी प्राकृतिक प्रकोपबाट विश्वको कुनै पनि भाग अछुतो रहेन, तर उत्तर अमेरिकामा चार र युरोपमा तीनवटा घटना आर्थिक रूपमा विनाशकारी थिए । बाँकी तीन

» पृष्ठ २ मा क्रमशः

### पेरिसमा ओलम्पिकदेखि भारतलाई उपाधिसम्म

सन् २०२४ मा पेरिसमा ओलम्पिक खेलहरूको आयोजना भयो । ओलम्पिकमा विशेष गरी नयाँ खेलहरू भए । भारतीय टोलीले दक्षिण अफ्रिकालाई हराएर टी-२० विश्वकपको उपाधि जितेको थियो । भारतले गत वर्ष घरेलु मैदानमा भएको एकदिवसीय विश्वकप २०२३ को उपाधि गुमाएको थियो ।

» पृष्ठ २ मा क्रमशः

### अन्तरिक्षको दौडको निरन्तरता

सन् २०२४ मा अन्तरिक्षको दौडले विगतमा जस्तै निरन्तरता पायो । सन् २०२४ मा अन्तरिक्ष अन्वेषणमा जापानले जनवरीमा चन्द्रमाको क्रेटरमा स्लिम (स्मार्ट ल्याण्डर फर इन्भेस्टिगेसन द मुन) अवतरण गरी तीन महिनासम्म पृथ्वीमा तथ्यांक प्रेषित गर्न सफल भयो । चीनको एउटा अन्तरीक्ष अभियानले

» पृष्ठ २ मा क्रमशः

### नयाँ वर्ष २०२५ को शुभारम्भ एवं टोपी दिवस

आजदेखि अंग्रेजी नयाँ वर्ष २०२५ को शुभारम्भ भएको छ । यस अवसरमा विश्वभर विविध कार्यक्रम गर्दै नयाँ वर्षलाई स्वागत गरिएको छ । सन् २०२४ लाई बिदा गर्दै आजबाट नयाँ वर्ष २०२५ लाई स्वागत गरिएको छ । नेपालीसहित विश्वभरका मानिसहरूले आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्ष मनाइरहेका छन् ।

इसाई धर्मका प्रवर्तक जिसस क्राइष्ट (प्रभु यशु)को सम्झनामा उहाँको मृत्युपछि अनुयायीले सो संवत् प्रचलनमा ल्याएका हुन् । ग्रेगोरियन पात्रोअनुसार इस्वी संवत सन् २०२४ को बिदाइ र नयाँ वर्ष सन् २०२५ को स्वागतमा विश्वभर विभिन्न कार्यक्रमहरू आयोजना भइरहेका छन् । नेपालमा पनि शुभकामना आदानप्रदान, सांगीतिक कार्यक्रमलगायत विभिन्न कार्यक्रमहरू भइरहेका छन् ।

विगत केही वर्षदेखि जनवरी १ मा 'अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस' मनाईंदै आएको छ । स्वतः स्फूर्त रूपमा नेपाली युवाहरूले विगत नौ वर्षदेखि अंग्रेजी महिनाको जनवरी १ तारिखको दिन अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउँदै आएका छन् । नेपाली टोपी नेपालीपनको अन्तर्राष्ट्रिय पहिचानका रूपमा स्थापित होस् भन्ने उद्देश्यले यो अभियानको थालनी भएको बताइन्छ ।

नेपाली टोपीको प्रवर्द्धन गर्नुका साथै मेरो शान, मेरो पहिचान राष्ट्रिय पोसाक संरक्षण अभियान भन्ने नारासहित यो दिवस मनाउन लागिएको हो । मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै केही युवाको अगुवाईमा २०७० सालदेखि हरेक वर्षको जनवरी १ लाई टोपी दिवस र पुस १७ गतेलाई राष्ट्रिय पोसाक दिवसको रूपमा मनाउन सुरु गरेका थिए ।

सामाजिक सञ्जालबाट सुरु उक्त अभियानलाई संस्थागत र थप व्यवस्थित बनाउन जागरूक युवाहरू लागिपरेका छन् । नेपाली टोपी दिवसले नेपालभित्र र बाहिर

» पृष्ठ २ मा क्रमशः

## राष्ट्रिय मेलमिलाप र एकताको प्रतिपादक कांग्रेसमा सधैं झगडा



**देशभर राष्ट्रिय मेलमिलाप आवश्यक छ : सभापति देउवा**



**बिपीको मेलमिलापको केन्द्र राजा नभई जनता : महामन्त्री शर्मा**



**सरकारको नीतिगत नेतृत्व कांग्रेसले गरिरहेको छ : नेता सिटौला**

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १६ पुस

नेपाली कांग्रेस र उसका भ्रातृ एवं शुभेच्छुक संस्थाले देशभर विभिन्न कार्यक्रम आयोजना मंगलबार राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाएका छन् । नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला आफूमाथि आठवटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला राष्ट्रियताका लागि जीवन अर्पण गर्न तयार भएर राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्कनुभएको सम्झनामा हरेक वर्ष पुस १६ गते



नेपाली कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले मेलमिलाप दिवस मनाउँदै आएका छन् । कांग्रेसका लागि औपचारिकता पूरा गर्न भए पनि राष्ट्रिय मेलमिलाप र एकता दिवस मनाउनु परम्परा बनेको छ । विसं २०३३ पुस १६ गते नेपाली कांग्रेसका संस्थापक नेतासमेत रहनुभएका कोइरालाको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायत नेता कार्यकर्ता राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वासित जीवन त्याग गरी स्वदेश फर्किएका थिए । भारत निर्वासनमा रहँदा सिक्किम भारतमा विलय भएको घटना नजिकबाट हेरेका कोइराला सहितका नेताले राष्ट्रियता एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किए । विसं २०१७ पुस १ गतेको तत्कालीन राजा महेन्द्रको शाही 'कू' पछि प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालालाई करिब तीन महिना सिंहदरबारमा बन्दी बनाइएको

» पृष्ठ २ मा क्रमशः

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी




## 'राइड सेयरिङ'लाई व्यवस्थित गर्न सर्वोच्चको आदेश

- सुरक्षाको स्थापित मापदण्ड व्यवस्थित गर्न आदेश
- राइड सेयरिङले उद्यमशीलता र आर्थिक समृद्धि बढाएको व्याख्या



**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, १६ पुस

सर्वोच्च अदालतले 'राइड सेयरिङ'लाई व्यवस्थित गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । 'राइड सेयरिङ'मा निर्भर भएर व्यवसाय सञ्चालन गरिरहेका व्यवसायहरूलाई कानुनी मापदण्डमा ल्याउन सर्वोच्चले सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो । 'पठाओ' नामक राइड सेयरिङ एप सञ्चालन गरिरहेको पठाओ नेपालको व्यवसाय दर्ता खारेज हुनुपर्छ भनी दायर भएको मुद्दामा सर्वोच्चले राइड सेयरिङको अभ्यासलाई कानुनी रूपमा व्यवस्थित र नियमन गर्न आदेश दिएको हो ।

सरकारका नाममा जारी गरिएको आदेशमा भनिएको छ, 'राइड सेयरिङ जस्ता यातायात व्यवसायको सम्बोधनका लागि यथाशक्य चाँडो पर्याप्त कानुनी प्रबन्धका लागि आवश्यक पहल गर्नू ।' सर्वोच्च अदालतले त्यतिञ्जेलका लागि पठाओ लगायतका अरू राइड सेयर गर्ने एप र कम्पनीहरूले सर्तको पालना गरे/नगरेकोबारे अनुगमन गर्नू भनी उद्योग विभाग र यातायात व्यवस्था विभागका नाममा आदेश जारी गरेको छ ।

६ महिनाअघि भएको फैसलाको पूर्णपाठ सर्वोच्च अदालतले हालै सार्वजनिक गरेको हो । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले १३ असार, २०८१ मा राइड सेयरिङसम्बन्धी

» पृष्ठ २ मा क्रमशः

**उपभोक्ता सचेत बनौं**

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अख्तियारद्वारा अर्जुनचौपारी गाउँपालिका तत्कालीन अध्यक्षसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर



काठमाडौं । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाका तत्कालीन अध्यक्ष दीर्घनारायण अर्यालसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले मंगलबार अर्यालसहित १२ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको हो ।

आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा गुणस्तरहीन ढलान गरेर भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको हो । अर्यालसहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पुरण गुरुङ, तत्कालीन इञ्जिनियर नवीन थापा, उपभोक्ता व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण पौडेल, सचिव कृष्णप्रसाद काफ्ले, कोषाध्यक्ष हिमकुमारी केसी, प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद गौतम, इञ्जिनियर सुदीप आचार्य, तल्लो बजार नाली तथा ढलान निर्माण उपाभोक्ता समितिका अध्यक्ष मंगलदेवी थापामगर, सचिव विष्णुकुमारी विक र कोषाध्यक्ष एकनारायण देवकोटाविरुद्ध मुद्दा दायर भएको छ ।

उनीहरूले बाटोको कमसल काम गरेर दुई फरक ठाउँमा क्रमश: २७ लाख पाँच हजार ११ रुपैयाँ र आठ लाख ३४ हजार ३२० रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी गराउनुभयो ।

# ‘पर्यटन नीति’ बनाउँदै लुम्बिनी सरकार

**विवेक खड्का/हिटा**

दाङ, १६ पुस

प्रदेश समृद्धिको प्रमुख आधारका रूपमा पर्यटन विकासलाई मान्दै आएको लुम्विनी सरकारले पर्यटन नीति वनाउन थालेको छ । पर्यटन सम्बन्धी नीति बनाएर पर्यटनको समुचित विकास गर्न सकिने लक्ष्यसहित मन्त्रालयले नीतिको खाका तयार पारेको हो । यो खाकालाई मूर्त रूप दिने तयारीमा मन्त्रालय छ । लुम्बिनी प्रदेश पर्यटनको क्षेत्रमा धनी प्रदेश हुँदा पनि सोचे अनुरुपको पर्यटन क्षेत्रको विकास र संवर्द्धन हुन नसकेकाले पर्यटन क्षेत्रका चुनौती र समस्याहरू केलाएर पर्यटन नीति बनाउन थालिएको लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले जानकारी दिनुभयो ।

मन्त्रालयले पर्यटन विकासको दीर्घकालीन दृष्टिकोण, नीति, रणनीति तथा कार्यक्रमको आवश्यकताको बोध गर्दै यो आवश्यकताको परिपूर्तिका लागि पर्यटन नीति निर्माण गरि कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिएको उल्लेख गरेको छ । मन्त्रालयले पर्यटन नीतिअन्तर्गत पर्यटन विकासको स्पष्ट खाका तयार पार्ने उल्लेख गरेको छ । ‘पर्यटन विकासको स्पष्ट खाका तयार पार्ने गरी नीति निर्माण गरिने छ’, मन्त्री न्यौपानेले भन्नुभयो, ‘प्राकृतिक, सांस्कृतिक, पर्यापर्यटन लगायतको छुट्टाछुट्टै अध्ययन गरी ती क्षेत्रको विकासमा अन्तर सम्बन्ध स्थापित गर्ने व्यवस्था हुने छ ।’ यसैगरी प्रदेशका नयाँ पर्यटन गन्तव्यको खोजीलाई मन्त्रालयले



प्राथमिकतामा पारेको छ । यो विषयलाई प्राथमिकतामा पारेर नीति निर्माणमा जुटेको मन्त्रालयले यसका लागि संघीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने योजना बनाएको छ ।

महाभारत क्षेत्र र अन्य उपयुक्त स्थानको सम्भाव्यताका आधारमा नयाँ गन्तव्य स्थलको पहिचान, विकास र प्रवर्द्धन गर्ने लक्ष्य मन्त्रालयको छ । नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा प्रदेशमा कृषि पर्यटन, स्वास्थ्य पर्यटन, खेलकुद पर्यटनको अवधारणा बनाउने उल्लेख गरिएको छ । प्रदेशमा एक जिल्ला एक पर्यटन गाउँको नीति अंगिकार गरी त्यसको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइने प्रदेशको प्रस्तावित पर्यटन नीतिमा उल्लेख गरिएको छ । गुणस्तरीय पर्यटनको प्रवर्द्धन गर्ने, तहगत र क्षेत्रगत समन्वय र सहकार्य गर्ने गरी प्रदेश सरकारले पर्यटन नीति निर्माण गरिएको छ ।

यसैगरी प्रदेशलाई सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको प्रदेश सरकारले विभिन्न जाति र समूदायबारे वैज्ञानिक अध्ययन र अनुसन्धान गरी उनीहरूको इतिहास र संस्कृति प्रकाशनमा ल्याइने, सांस्कृतिक सम्पदाका माध्यमबाट पर्यटन उद्योगमा टेवा पुर्‍याई समाजमा रोजगारी र आयआर्जनका अवसरहरू वृद्धि गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ । पर्यटकीय क्षेत्रलाई गुणस्तरीय र विश्वसनीय बनाउने लक्ष्य लिएको मन्त्रालयले पर्यटकीय थलोहरूबारे सूचना दिन आधुनिक सूचना प्रविधिको प्रयोग गरिने, पर्यटन सूचना केन्द्र स्थापना गरिने भएको छ ।

यसैगरी पर्यटन प्रवर्द्धनमार्फत् ग्रामीण क्षेत्र र समूदायमा रोजगारीको सिर्जना र आयआर्जन गराउने लक्ष्य लिएको मन्त्रालयले ग्रामीण पर्यटनलाई व्यवसायको उपक्षेत्रका रुपमा अघि बढाइने उल्लेख गरेको छ । होमस्टेलाई रोजगारीको प्रमुख माध्यमका रूपमा विकास गर्ने लक्ष्य सरकारले लिएको छ । यसैगरी कृषि पर्यटनलाई बढावा दिने कार्यक्रम तर्जुमा गर्नेलगायतका नीति मन्त्रालयले लिएको छ ।

पर्यटन नीति निर्माणमा जुटेको मन्त्रालयले यसको कार्यान्वयनका लागि प्रदेशको पर्यटन ऐन तथा नियमावली कार्यान्वयनमा ल्याइने मन्त्रालयले जनाएको छ । ‘पर्यटन विकासका निम्ति थुप्रै आधारहरू नीतिमा समावेश गरिएको छ’, मन्त्री न्यौपानेले भन्नुभयो, ‘यो नीति कार्यान्वयनका लागि पर्यटन ऐन र नियमावली कार्यान्वयनमा ल्याइने छ ।’ प्रदेश सरकारले पर्यटन ऐन निर्माण गरिसकेको भए पनि पर्यटन नीति भने अहिलेसम्म निर्माण भइसकेको थिएन । वर्तमान मन्त्री न्यौपानेले आफ्नो पदभारमा क्रममा गरेको पहिलो निर्णय बमोजिम मन्त्रालय नीति निर्माणमा जुटेको हो । हाल नीति लेखनको काममा रहेको मन्त्रालयले यसको पूर्णताका लागि विभिन्न छलफलबाट सुझाव संकलन गर्नेसमेत मन्त्रालयले जनाएको छ ।

मन्त्रिपरिषद्‌बाट पारित भएपछि नीति कार्यान्वयनमा ल्याइने घिमिरेले बताउनुभयो । ‘पर्यटनसम्बन्धी ऐन निर्माण भयो तर ऐनअन्तर्गत के काम गर्ने भन्ने स्पष्ट कामको खाका अर्थात् नीति अहिलेसम्म बन्न सकेको थिएन’, घिमिरेले भन्नुभयो, ‘अब नीति कार्यान्वयनमा आयो भने बल्ल पर्यटनसम्बन्धी कार्यक्रमको स्पष्ट खाका तयार पार्न सजिलो हुनेछ ।’

## अमेरिकामा ट्रम्पको...

« पृष्ठ १ बाट क्रमशः

२०२० को तुलनामा पनि ट्रम्पले युवामाझ राम्रो प्रदर्शन गर्नुभयो । आयकर घटाउने घोषणा र अध्यागमनको मुद्दा ट्रम्पको जितका लागि महत्त्वपूर्ण सावित भयो ।

सन् २०२४ मै भारतमा लोकसभा चुनाव सम्पन्न भयो । अप्रिल २०२४ र जुन २०२४ को बीचमा भारतमा चुनाव भएको थियो । लोकसभा चुनावमा बिजेपी नेतृत्वको एनडिए गठबन्धनले २९२ सिट जितेको थियो । एनडिएले सजिलै बहुमत हासिल गरेर सरकार बनाइसकेको छ । जसमा नरेन्द्र मोदी तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्री बननुभएको छ ।

यसैवर्ष रुसी नेता भ्लादिमिर पुटिन राष्ट्रपतिको ६ वर्षको नयाँ कार्यकालका लागि निर्वाचित हुनुभयो । प्रायः विपक्षी नेता सहभागी नभएको निर्वाचनमा राष्ट्रपति पुटिनसँग प्रतिस्पर्धा गरेका अन्य तीनजना प्रतिस्पर्धीहरू क्रेमलिनले खडा गरेका देखावटी उम्मेदवारहरू मात्र भएको उनका आलोचकहरूले आरोप लगाएका थिए । पुटिनले ८७ प्रतिशत मत प्राप्त गर्दा प्रतिस्पर्धी निकोलाई खारितोनोभले ४.१ प्रतिशत, भ्लादिस्लाभ दाभान्कोले ३.८ प्रतिशत र लियोनिद स्लट्स्काईले ३.१५ प्रतिशत मत प्राप्त गर्नुभएको थियो ।

सन् १९७१ मा बंगलादेशको स्वतन्त्रता संग्राममा भाग लिनेहरूलाई सरकारी जागिरमा ३० प्रतिशत कोटा दिइएको थियो । बंगलादेशमा भएको विद्यार्थीको प्रदर्शन विस्तारै हिंसात्मक झडपमा परिणत भयो र शेख हसिना देश छोडेर भाग्नुपर्‍यो । हसिनाले भारतमा शरण लिइरहनु भएको छ । अहिले बंगलादेशमा मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । बंगलादेशमा सन् २०२५ को अन्त्यमा वा २०२६ को सुरुमा पुन: निर्वाचन हुनसक्ने अनुमान गरिएको छ ।

## बशर अल–असदको...

« पृष्ठ १ बाट क्रमशः

प्रतीक थियो । देशको इस्लामवादी नेतृत्वको सरकारले देशमा रहेका अल्पसंख्यक र विदेशमा रहेका सरकारहरूलाई सबै सिरियालीको सुरक्षा गर्ने आश्वासन दिन खोजेको देखिन्छ । यद्यपि, अलकायदासँगको सम्बन्धका कारण अन्तर्राष्ट्रिय समुदायले नयाँ सरकारको गतिविधिलाई ध्यानमा राख्दै तत्काल सिरियामाथि लगाइएको प्रतिबन्ध हटाएका छैनन् । असदको निष्कासनपछि देशको हतियारहरू अन्तरिम सरकारको हातमा पर्नबाट रोक्न चाहेको भन्दै इजरायलले सिरियाको सैन्य स्थलहरूमा सयौं आक्रमण गरेको छ । सिरिया लामो समयदेखि गृहयुद्धसँग लडिरहेको थियो । असद परिवारले सिरियामा विगत ५३ वर्षदेखि शासन गर्दै आएको थियो ।

## लेबनान पेजर...

« पृष्ठ १ बाट क्रमशः

जनालाई बन्धक बनाएको थियो । त्यसपछि इजरायलले गाजामा जवाफी कारबाही सुरु गरेको थियो । पहिले हवाई हमला र पछि स्थलगत कारबाही सुरु भएको थियो । आक्रमणमा हालसम्म ४५ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । आक्रमणका कारण गाजाबाट लाखौं मानिस विस्थापित भएका छन् । इजरायलले हालसम्म हमासका धेरै ठूला नेताहरूलाई सन् २०२४ मा यो युद्ध रोक्न धेरै प्रयासहरू गरिसकेको छ । जुन अझै सफल हुन सकेको छैन । रुसले २४ फेब्रुअरी २०२२ मा युक्रेनमा आक्रमण गरेको थियो । जुन २०२४ मा पनि जारी रह्यो । अमेरिकाका निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध रोक्न चासो देखाउनुभएको छ । यदि उहाँले यो युद्ध रोक्नुभयो भने यो ठूलो सफलता हुनेछ ।

इजरायल र हमासबीच चलिरहेको युद्धमा इरान पनि अप्रत्यक्ष रूपमा संलग्न छ । यसले इजरायल र लेबनानमा सञ्चालित आतंकवादी संगठन हिजबुल्लाहसँग लडिरहेका हमासलाई सबै प्रकारको सहयोग उपलब्ध गराउँछ । इरानमा हमासको राजनीतिक शाखा प्रमुख इस्माइल हनियाको पनि इजरायलले हत्या गरेको थियो । इजरायली सेनाले २३ सेप्टेम्बरदेखि लेबनानी समूहमाथि ठूलो मात्रामा हवाई आक्रमण सुरु गरेको थियो । इजरायली हमलामा हिजबुल्लाह प्रमुख हसन नसरल्लाहसहित धेरै कमाण्डर मारिएका छन् ।

## भारत र क्यानडाको...

« पृष्ठ १ बाट क्रमशः

कडा विरोध गरेको छ । स्थिति यतिसम्म पुग्यो कि दुवै देशले एक-अर्काका कूटनीतिज्ञलाई निष्कासन गरे । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युरोपेली संसद्‌को चुनावमा आफ्नो गठबन्धन एन्सेम्बलको हार बेहोरेपछि फ्रान्सेली विधानसभा भंग गर्नुभयो । प्रधानमन्त्री मिशेल बार्नियरको नेतृत्वमा रहेको गठबन्धन सरकार बजेटमा विश्वासको मत गुमाएपछि डिसेम्बरको सुरुमा पतन भएको थियो । श्रीलंकामा मार्क्सवादी जनता विमुक्ति पेरामुनाका नेता अनुरा कुमारा दिसानायकेले सेप्टेम्बरमा श्रीलंकामा राष्ट्रपति चुनाव जितेर विश्वलाई चकित पार्नुभयो । नेशनल पिपुल्स पावर (एनपिपी)का उम्मेदवार दिसानायकेको जेभिपी नेतृत्वको गठबन्धनले वर्तमान राष्ट्रपति रनिल विक्रमासिंघे र पूर्वराष्ट्रपति महिन्दा राजापाक्षका छोरा नमल राजापाक्षेलाई पराजित गरेको थियो ।

## सबैभन्दा तातो...

« पृष्ठ १ बाट क्रमशः

चीन, ब्राजिल र दक्षिणपूर्वी एसियाली देशहरूमा पनि ठूलो क्षति रेकर्ड गरियो । गत असोजमा आएको वर्षाले नेपालको राजधानी काठमाडौंसहित आसपासमा ठूलो जनधनको क्षति गर्‍यो । भारतको केरलाको वायनाडमा गएको पहिरोले पनि ठूलो क्षति गर्‍यो । दक्षिण-पश्चिम एसियामा आएको आँधी यागीमा ८०० भन्दा बढीको मृत्यु भएको थियो । यागीले फिलिपिन्ससहित लाओस, म्यानमार, भियतनाम र थाइल्याण्डमा विनाश निम्त्यायो । चीनमा बाढीले १५.६ बिलियन डलरको क्षति पुर्‍यायो र ३१५ जनाको मृत्यु भयो । युरोपेली देशहरूमा आर्थिक विनाश ल्यायो । मध्य युरोपमा आँधी बोरिस र स्पेन र जर्मनीमा ठूलो बाढी जस्ता घटनाहरू भए । गरिब देशहरू सबैभन्दा बढी मारमा परे । गरिब देशहरूमा जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोपका कारण अर्बौं डलरको आर्थिक क्षति भएको छ । अत्यधिक वर्षाका कारण आएको आँधी, आँधी र बाढीका कारण यहाँका सार्वजनिक सेवाहरू ध्वस्त भए । वायुमण्डलमा कार्बनडाई अक्साइडको स्तर बढ्दै गएको छ । सन् २०२४ रेकर्डमा सबैभन्दा तातो वर्षको रूपमा रेकर्ड गरिएको छ । सन् २०२४ मा पहिलोपटक औसत विश्वव्यापी तापमान पूर्व-औद्योगिक समयको तुलनामा १.५ डिग्री सेल्सियस बढी थियो ।

## पेरिसमा ओलम्पिकदेखि...

« पृष्ठ १ बाट क्रमशः

तर, यसवर्ष उसले आफ्नो ११ वर्षको आइसिसी ट्रफी जित्ने खडेरीको अन्त्य गर्न सफल भयो । २०२४ मा पुरुष फुटबलको एशियाई कप आयोजना गरिएको थियो । २०२४ को टेनिस सिजनमा विभिन्न प्रमुख टेनिस टुर्नामेन्टहरू जस्तै: मड्रिड ओपन, विम्बलडन आयोजित भए । यसै वर्ष राफेल नडाल र नोभाक जोकोभिचका रूपमा दिग्गज खेलाडीहरूले प्रतिस्पर्धा गर्नुभयो । नेपालमा विभिन्न खेलकुदका लागि उत्साहजनक वर्ष थियो ।

## अन्तरिक्षको दौडको...

« पृष्ठ १ बाट क्रमशः

चन्द्रमाको सबैभन्दा टाढाबाट माटोको नमुना लिएर फिर्ता भयो । चीनले अहिलेसम्म कोही पनि नपुगेको चन्द्रमाको सुदूर क्षेत्रमा आफ्नो अन्तरीक्षयान अवतरण गरेको हो । नासाको पर्सिभेरेन्स रोभरले मंगल ग्रहमा सूक्ष्मजीवी जीवनको सम्भावित प्रमाण फेला पारेको छ । यो वर्ष इयु-जापान अन्तरिक्ष अभियानले बुध ग्रहको दक्षिणी ध्रुवको तस्वीर लिन सफल भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा पनि गत वर्ष थप विकासहरू भए । हालको एआई प्रगतिहरूको सूची प्रभावशाली छ । एआईको प्रयोग आनुवंशिक अवस्थाको विश्लेषण गर्न, स्वास्थ्य सेवासुधार गर्न, उत्पादन क्षमता सिर्जना गर्न र अन्य धेरैका लागि प्रयोग भइरहेको छ । मानव इम्युनोडेफिसियन्सी भाइरस अर्थात् एचआइभीको खोप पत्ता लगाउने रेकर्ड पनि सन् २०२४ मा रेकर्ड गरिएको छ । यो खोपको नाम लेन्कापाभिर राखिएको छ । चरण ३ परीक्षणको क्रममा, यो ९६ प्रतिशत प्रभावकारी पाइयो ।

फर्केर हेर्दा सन् २०२४ मा राजनीतिक उथलपुथलका धेरै अप्रत्याशित घटना भए । यसअघि जारी युद्ध रोकिएनन् । बरु उत्कर्षमा पुगे । २०२४ ले विश्वलाई थप केही युद्धको भार थोपार्‍यो । जलवायु परिवर्तनको मार घट्नुको साटो गत वर्ष पनि बढ्यो । प्रविधि, अन्तरिक्ष र केही स्वास्थ्य र खेलकुद क्षेत्रमा भएका उपलब्धिबाहेक सन् २०२४ त्यति सुखद रहेन । नयाँ वर्ष सन् २०२५ ले सुखद खबरहरू ल्यायोस् । जारी युद्ध रोकिऊन् । विश्वमा शान्तिको सन्देश छाओस् । जलवायु परिवर्तन र प्राकृतिक प्रकोपका घटना कम हुन् । ह्याप्पी न्यु इयर !

## नयाँ वर्ष २०२५...

« पृष्ठ १ बाट क्रमशः

बसोबास गर्ने सम्पूर्ण नेपालीहरूले आ-आफ्नो धर्म, जाति र संस्कृतिअनुसार पहिरिने टोपीलाई नेपाली टोपी मान्दछ । आज नेपाली टोपी पहिरिएर नेपालीहरूको अन्तर्राष्ट्रिय पहिचानको रूपमा नेपाली टोपीलाई स्थापित गराउन सहयोग गर्न अपिल गरिएको छ ।

यस्तै, सिके राउत नेतृत्वको जनमत पार्टीले पुस १७ गते आज धोती दिवस मनाउने निर्णय गरेको छ । प्रवक्ता शरद्‌सिंह यादवका अनुसार पुस १७ गते सबै जिल्लामा राष्ट्रिय पोसाक (धोती) दिवस मौलिकता झल्कने गरी कार्यक्रम गरी मनाउन परिपत्रसमेत गरेको छ ।

## विद्यार्थीलाई उमेर...

« पृष्ठ १ बाट क्रमशः

राजनीतिको गिर्दो शाख उमेर हदबाट मात्रै सुधार होला भन्न सकिँदैन । विश्वविद्यालयमा विद्यार्थीको संख्या बढ्दै जानु, पढ्नकै लागि लाखौं विद्यार्थी पलायन हुनु तथा स्वदेशी शैक्षिक संस्थाको गुणस्तरप्रति सधैं प्रश्न उठिरहनु जस्ता कारणले नेपालको विद्यार्थी राजनीतिलाई गिज्याइरहेको छ । विगतमा नेपालको राजनीतिक, सामाजिक र शैक्षिक रूपान्तरणका लागि विद्यार्थी संगठनले गरेको योगदान निश्चय प्रशंसनीय छ । तर, इतिहासको ब्याजले मात्रै विद्यार्थी राजनीति धानिँदैन । उमेरको हदले मात्रै विद्यार्थी राजनीतिको पुन:जागरण पुष्टि हुँदैन । यसर्थ विद्यार्थी र पार्टी राजनीति दुवैप्रति जनविश्वास बढ्ने उपायको खोजी उमेर भएका विद्यार्थीदेखि उमेर ढल्केका पार्टी नेतासम्मले गर्नुपर्ने देखिन्छ ।

## राष्ट्रिय मेलमिलाप...

« पृष्ठ १ बाट क्रमशः

थियो । आठ वर्षपछि विसं २०२५ मा उपचारका लागि बिपीलाई रिहा गरिएको थियो । रिहापछि उपचारका लागि भारत पुगेका कोइरालाले त्यहाँ निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध राजनीतिक क्रियाकलाप सुरु गरेका थिए । त्यसबेला भारतले सिक्किमलाई गाभेको, भारतबाट पाकिस्तान अलगिएको र एसियाका अन्य देशमा पनि विखण्डन सुरु भएको देखेर राष्ट्रियता कमजोर हुन नदिन राष्ट्रिय मेलमिलाप तथा एकताको नीति लिई ४९ वर्षअघि कोइराला सहितका नेताहरू नेपाल फर्किएका थिए ।

आठ वर्ष लामो निर्वासित जीवनपछि स्वदेश फर्किँदा बिपी कोइरालाले नेतृत्व गरेको नेपाली कांग्रेससँग अहिलेको जस्तो केन्द्रदेखि वडासम्म सत्तामा थिएन । कोइराला लगायतका नेताहरूमाथि मृत्युदण्डका मात्रै आठ मुद्दा थिए । साढे नौ लाख क्रियाशील सदस्य मात्र नभई सत्ता, शक्ति रहेको नेपाली कांग्रेस अहिले आन्तरिक खिचातानी र स्वार्थको टकरावमा रुमल्लिएको छ । राष्ट्रिय एकता र मेलमिलापको प्रतिपादक नेपाली कांग्रेसमा अहिले सत्ता, शक्ति र व्यक्तिगत स्वार्थको लडाइँ छ ।

कांग्रेसका हरेक नेताहरूको आ-आफ्नो गुट-उपगुट छ । सान, सौक, गाडी, घोडा मात्र होइन, नेताका अघिपछि स्वार्थ समूहरूको लामै लस्कर रहेको कांग्रेसभित्र अहिले एकता र भाइचारा शून्य छ । कांग्रेसभित्र हावी हुँदै गएको गुटगत विवाद र विभाजनले पटक-पटक लोकतान्त्रिक शासन व्यवस्था नै अप्ठेरोमा पुगेको छ । नेपाली कांग्रेसभित्र अहिले विवाद र झगडाको लागि कुनै विषय नै चाहिँदैन । पार्टीको विधानमै नभएको वरीयतादेखि वडा सदस्यको टिकट वितरण जस्ता झिनामसिना मुद्दाले समेत कांग्रेसभित्र ठूलै झगडा हुने गरेको छ । पार्टीभित्र आफ्नै गुटका नेता एक-अर्काविरुद्ध प्रयोग हुने त होइन ? भन्ने आशंका र भय कांग्रेस नेताहरूमा देखिएको छ । पार्टीको आगामी १५औं महाधिवेशनको मिति तय भएको छैन । तर, कांग्रेसभित्र आगामी पार्टी नेतृत्वको लागि साम, दाम दण्ड, भेद सुरु भइसकेको छ । विधानको विद्यमान व्यवस्थाले शेरबहादुर देउवा आगामी महाधिवेशनमा सभापतिको प्रत्यासी बन्न नपाउने भएपछि आगामी नेतृत्वका लागि आधा दर्जन नेताहरू लालायित देखिएका छन् । गुट विवादले १४औं महाधिवेशन भएको तीन वर्षमा केन्द्रदेखि गाउँसम्मको कार्यसमिति र निकायलाई पूर्णता दिन कांग्रेस असफल भएको छ । तल्ला तहको विवाद समाधान गर्दै पार्टी संगठनलाई परिचालन गर्न उसले सयदिने अभियान सञ्चालन गरेको छ । तर, गुट विवादले अझै कतिपय जिल्लामा कार्यक्रम सुरु हुन सकेका छैनन् । बाहिरबाट शान्त देखिने मुलुकको पुरानो र सबैभन्दा ठूलो दल कांग्रेस आफैं भित्रको एकता र मेलमिलापमा विगतदेखि नै च्युत हुँदै आएको छ । तर, हरेक नेताहरू सार्वजनिक कार्यक्रममा राष्ट्रिय एकता र मेलमिलापको दुहाई दिन छाडेका छैनन् ।

### देशभर राष्ट्रिय मेलमिलाप आवश्यक छ : सभापति देउवा

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले देशैभर राष्ट्रिय मेलमिलाप आवश्यक रहेको र कांग्रेसले नै त्यसको अग्रसरता लिनुपर्ने बताउनुभएको छ । राष्ट्रिय मेलमिलाप दिवस तथा कांग्रेसले चलाएको १०० दिने विशेष अभियान कार्यक्रमअन्तर्गत मंगलबार काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले भन्नुभयो, ‘कांग्रेसका लागि मात्र होइन, देशभरका लागि राष्ट्रिय मेलमिलाप आवश्यक छ । कांग्रेसले अग्रसरता लिनुपर्छ । २०३३ सालमा बिपी कोइराला र गणेशमान सिंह राष्ट्रिय मेलमिलापको नीति लिएर फर्कनुभएको थियो । यद्यपि, नेपालमा राजाले मारिदिन्छन् कि के हुन्छ, हत्या हुन्छ कि भन्ने अवस्थामा पनि उहाँहरू आउनुभएको थियो । गणेशमान सिंहको नेतृत्वमा काठमाडौंमा भएको आन्दोलनले राजाले घुँडा नै टेके ।’ सभापति देउवाले गणतान्त्रिक व्यवस्था स्थायी भएकाले यसलाई सुदृढ गर्दै जानुपर्ने बताउनुभयो ।

### बिपीको मेलमिलापको केन्द्र राजा नभई जनता : महामन्त्री शर्मा

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आफ्नो पार्टीका संस्थापक सभापति बिपी कोइरालाले अघि सारेको मेलमिलापको नीतिको केन्द्रमा राजा नभई जनता भएको दाबी गर्नुभएको छ । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसरमा मंगलबार महामन्त्री शर्माले भन्नुभयो, ‘बिपीले त्यतिबेला गर्नुभएको तत्कालीन शक्तिको सन्तुलन हो, त्यो बेला पनि बिपीको मेलमिलापको केन्द्रमा जनता थिए, राजा थिएनन् । बिपी पछाडि जिपी कोइरालाले आएर जब २०६२ बेलामा माओवादीसँग १२ बुँदे समझदारी गर्नुभयो । त्यो बेला पनि माओवादी होइन, केन्द्रमा जनता नै थिए ।’

### सरकारको नीतिगत नेतृत्व कांग्रेसले गरिरहेको छ : नेता सिटौला

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले जनताका समस्या समाधान गरी बलियो नेपाल निर्माण गर्न आवश्यक रहेको बताउनुभएको छ । मंगलबार काठमाडौंमा राष्ट्रिय मेलमिलाप दिवस एवं सयदिने विशेष अभियान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले जनताको आर्थिक प्रगति अहिलेको आवश्यकता भएको बताउनुभयो । कांग्रेस र नेकपा एमाले मिलेर संयुक्त सरकार बनाएको र प्रधानमन्त्रीमा केपी शर्मा ओली रहे पनि सरकारको नीतिगत नेतृत्व नेपाली कांग्रेसले गरिरहेको दाबी गर्दै सिटौलाले भन्नुभयो, ‘सरकारको नेतृत्व एमाले अध्यक्ष ओलीजीले गरे पनि नीतिगत नेतृत्व नेपाली कांग्रेस पार्टीले गरिरहेको छ । नेपालको अस्तित्वको रक्षाका लागि, नेपाली जनताको आर्थिक समृद्धि र प्रगतिको लागि नेपाली कांग्रेस सबै राजनीतिक दलहरूलाई एकाकार गरेर राष्ट्रिय मेलमिलाप निर्माण गरी अघि बढ्छ ।’

### कांग्रेसमा दृढतापूर्वक उभिने नेताको अभाव रहेको टिप्पणी

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले प्रधानमन्त्री बन्न दृढतापूर्वक उभिनेको पार्टीमा अभाव देखेको टिप्पणी गर्नुभएको छ । नेपाली कांग्रेसमा प्रधानमन्त्री बन्न पार्टीमा दृढतापूर्वक उभिनेको अभाव देखापरेको टिप्पणी गर्दै महामन्त्री शर्माले भन्नुभयो, ‘सभापतिजी विस्तारै रिटायर्ड हुने क्रममा हुनुहुन्छ, विधानअनुसार अब उहाँ महाधिवेशनमा प्रतिस्पर्धा गर्न पाउनु हुन्न, पाँचपटक त प्रधानमन्त्रीको भारी बोकिसक्नु भयो । अब उहाँलाई कतिपटक प्रधानमन्त्रीको भारी बोकाउने, अरूले बोक्न अघि सर्नुस् भनेर मैले भनेको छु । तर, उहाँलाई काँध थाप्छु भन्नेहरू अलि नसुरिएको जस्तो बुझ्छु ।’

**आज वि.सं. २०८१ पौष १७ गते बुधबार, ई.स. २०२५ जनवरी १, तिथि- पौष शुक्लपक्ष द्वितीया, उत्तराषाढा- नक्षत्र, व्याघात- योग, वालव- करण, चन्द्रराशि- धनु, सूर्योदय- ६:५६, सूर्यास्त- १७:१८ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ ।
वृष : मेहनतपूर्वक गरिएको काममा अपजस आइलाग्न सक्छ ।
मिथुन : नजिकको व्यक्तिबाट धोका पाइन सक्नेछ ।
कर्कट : प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।
सिह : सोखले खर्च बढाए पनि अतिथिको रूपमा सत्कार पाइनेछ ।
कन्या : समस्या दर्शाउँदा पनि सहयोगी भेटिन गाह्रो हुनेछ ।
तुला : प्रेम र मित्रताको बन्धन जोखिममा पर्नेछ ।
वृश्चिक : जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
धनु : स्वास्थ्य र अर्थका हिसाबले दिन कमजोर रहनेछ ।
मकर : आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।
कुम्भ : मानप्रतिष्ठा र सामाजिक मर्यादा घट्नेछ ।
मीन : दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ ।

## ‘राइड सेयरिङ’लाई...

« पृष्ठ १ बाट क्रमशः

कानुन बनाउनु भनी सरकारका नाममा आदेश दिएको हो । उद्योग विभागले संघीय सवारी तथा यातायात व्यवस्था ऐनको मस्यौदा गरिरहेको जवाफ दिएको भन्दै सर्वोच्च अदालतले त्यसक्रममा राइड सेयरिङको विषयलाई पनि सम्बोधन गर्न भनेको छ ।

### सुरक्षाको स्थापित मापदण्ड व्यवस्थित गर्न आदेश

सर्वोच्च अदालतले ‘सुरक्षाको स्थापित मापदण्ड व्यवस्थित गरिनुपर्ने’ भनी आदेश गरेको छ । कानुनमा व्यवस्था नभएको भन्ने नाममा राइड सेयरिङ व्यवसायलाई नकार्नुको साटो थप व्यवस्थित गर्नुपर्ने भन्दै सर्वोच्च अदालतले बरु अपांग, महिला लगायतका यात्रुलाई पनि सहज हुने गरी व्यवस्था हुनुपर्ने औँल्याएको छ । नेपालको यातायातसम्बन्धी कानुनमा निजी सवारीसाधनमा भाडाका यात्रु बोक्न नपाइने व्यवस्था छ । पठाओले त्यससम्बन्धी कानुनको उल्लंघन गरी निजी दुईपांग्रे तथा चारपांग्रे सवारीसाधनमा यात्रुहरू बोकाउन सहजीकरण गरिरहेको भन्दै अधिवक्ता श्यामकुमार श्रेष्ठले पठाओको दर्ता खारेज हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराउनुभएको थियो । जुन संस्थामा दर्ता भएको हो, त्यो बाहेकको संस्थाले दर्ता खारेजी गर्न नमिल्ने भन्दै सर्वोच्च अदालतले कानुनमा नभए पनि अहिलेको विकसित विश्व परिवेशमा राइड सेयरिङलाई अस्वीकार गर्न र बन्देज लगाउन नमिल्ने औँल्याएको हो ।

### राइड सेयरिङले उद्यमशीलता र आर्थिक समृद्धि बढाएको व्याख्या

राइड सेयरिङका कारण नागरिकको रोजगारीको हक, उपभोक्ताको हक सम्बोधन हुनुका साथै उद्यमशीलता र आर्थिक समृद्धिको विषय पनि सम्बोधन भएको भन्दै सर्वोच्च अदालतले चालक र सेवाग्राहीलाई सिधा सम्बन्धमा जोड्ने अभ्यासलाई निरुत्साहित गर्न नहुने जनाएको छ । सर्वोच्च अदालतले फैसलाको पूर्णपाठमा भनेको छ, ‘राइड सेयरिङ सेवाप्रदायक सवारीको दर्ता, सञ्चालन, व्यवस्थापन तथा अनुगमन निरीक्षणका लागि आवश्यक कानुनी व्यवस्थामार्फत वैधानिक रूपमा त्यस्तो यातायात सेवा सञ्चालन हुनुपर्ने देखिन्छ ।’ १८ माघ, २०८० मा सरकारले राजपत्रमा प्रकाशित गरेको सूचनामा राइड सेयरिङ सेवालाई सेवामूलक उद्योगको रूपमा स्वीकार गरेर वर्गीकरणसमेत गरेको भन्दै सर्वोच्च अदालतले त्यसको दर्ता, इजाजत, कारबाहीलगायत निगमनको विषयमा अझै पनि कानुनी प्रबन्धको अभाव रहेको स्वीकार गरेको छ । सर्वोच्च अदालतले फैसलामा भनेको छ, ‘औद्योगिक व्यवसाय ऐन, २०७६ मार्फत हाल सरकारले राइड सेयरिङलाई उद्योगको रूपमा मान्यता प्रदान गरिसकेको परिप्रेक्ष्यमा यसलाई निषेध गर्नु न्यायोचित एवं कानुनसम्मत हुने पनि देखिँदैन ।’ कैयौं विकसित मुलुकहरूमा पनि राइड सेयरिङ गर्ने अभ्यासहरू सुरु भएको, अनि कतिपय मुलुकमा त्यसको कानुनी प्रबन्धसमेत भएको भन्दै सर्वोच्चले नेपालको कानुन पनि समय अनुकूल परिमार्जन हुनुपर्ने औँल्याएको हो ।

Celebrating

24 Years of Connectivity and Growth!

From connecting homes to empowering businesses, your trust fuels our drive to deliver innovation, connectivity, and excellence every day.

Thank you for being an integral part of our journey. Here's to many more years of seamless internet experiences together!

SUBISU
24
Anniversary

SUBISU CARES

## सम्पादकीय

# संसद्प्रति सरकार उदासीन

संघीय संसद्का दुबै सदनको अधिवेशन अन्त्य भएको चार महिना पुग्नै लाग्दा पनि हिउँदे अधिवेशन आह्वान हुन सकेको छैन । सरकारले संसद्मा आरामदायी बहुमत हुँदाहुँदै अध्यादेश जारी गरेर संसद्को भूमिकालाई संकुचित पारेको छ । गत भदौ ३१ गते सरकारको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को बजेट अधिवेशन अन्त्य गर्नुभएको थियो । त्यसयता महत्त्वपूर्ण चाडपर्वहरू सकिए पनि सरकारले संसद् अधिवेशन बोलाउन ढिलाइ गरेको छ ।

यस्तो उदासीनताको जिम्मेवार विपक्षी दलहरूले सरकारलाई ठहराएका छन् तर सरकारले भने यसको कुनै प्रतिक्रिया दिएको छैन । गत वर्ष अधिवेशन चलिरहेको बेला एकाएक एउटा सानो विषय त्यहाँ बहसमा आयो । नेकपा एमालेका सांसद तथा पूर्वमन्त्री योगेश भट्टराईले माओवादीले एक दशकसम्म चलाएको सशस्त्र विद्रोहलाई 'हिंसा' भन्नुभएपछि माओवादीका सांसदहरूले उक्त विद्रोह हिंसा होइन जनयुद्ध हो भनेका थिए ।

भट्टराईको भनाइलाई फिर्ता लिन र त्यसलाई रेकर्डबाट हटाउन उनीहरूले माग गर्नुभएको भए पनि भट्टराई र उहाँको पार्टी नेकपा एमालले उहाँको उक्त भनाइलाई रेकर्डबाट हटाउन र फिर्ता लिन मानेनन् । सर्वसाधारण र प्रजातान्त्रिक आचरण भएका अन्य दलका प्रतिनिधिहरूले समेत १७ हजारको हत्या भएको उक्त आन्दोलनलाई जतिसुकै संरक्षण गर्न माओवादीले प्रयास गरेर ढाक्न खोजे पनि त्यो हिंसा नै हो भन्ने निष्कर्ष निकालेको थिए । आकारमा झन्झन् सानो बन्दै गएको माओवादी पार्टीका लागि भने त्यो ठूलो चुनौती बन्नपुग्यो । अनुहार छोप्ने (फेस सेभिङको) सवाल बनेर संसद्को मझेरीमा पोखिन आएको यस सवालको पक्ष र विपक्षमा कडा दोहोरी चलिरह्यो ।

तर, कुनै एउटा पक्ष पछाडि हट्नुपर्नेमा दुबै पक्षले आ–आफ्ना अडान कायमै राखे । जसले गर्दा संसद् अवरुद्ध बन्नपुग्यो । दुबै पक्षले राष्ट्रिय स्वार्थको पर्दा खोलेनन्, निरर्थक बहस गरिरहे । जनताका आवश्यकताहरूको सम्बोधन गर्नुपर्ने थलो अन्यत्र विषयान्तर भएर 'माओवादीका सशस्त्र विद्रोह हिंसा हो कि होइन' मा रूपान्तरित भयो । यसको कुनै निष्कर्ष निस्कन सकेन । यसको औचित्यपूर्ण समाधान नहुँदै बर्खे अधिवेशनको अन्त्य भयो । अहिले त्यसको चार महिना बितिसकेको छ तर पुनः अर्को अधिवेशन हुने कुनै संकेत पाइएको छैन ।

पहिले जुन बिन्दुमा बर्खे अधिवेशन टुंगिएको थियो अब हिउँदे अधिवेशन सुरु हुँदा फेरि त्यही बिन्दुबाट माओवादी पार्टीबाट निर्वाचित भएका सांसदहरूले त्यसरी नै संसद्का सदनहरू चल्न नदिने र अवरोध पुऱ्याउँछन् कि भन्ने भय सरकारमा रहेको हुनसक्छ । त्यो सम्भावना देखिएकै छ । जनताका आवश्यकतालाई सम्बोधन गर्नुको सट्टा आफ्ना पार्टीगत स्वार्थ र त्यससँगै जोडिएर आउने आफ्ना व्यक्तिगत स्वार्थसमेतका कारण त्यहाँ त्यास्तो नहोला भन्ने पनि छैन तर सवाल त्यो होइन । त्यो त सरकारको दायित्व हो । प्रतिपक्षका कारणले संसद् नचल्ला कि भनेर संसद्को अधिवेशन नै नबोलाउने जस्तो भुल सरकारबाट हुनुहुँदैन ।

यतिमात्र होइन प्रतिपक्षको आड मार्नकै लागि संसद् अधिवेशन नबोलाउनु पनि केटाकेटीपनको द्योतक हो । संसद् अधिवेशन डाकेर उनीहरूका व्यवहारको सामना गरेरै आवश्यक ऐन नियमहरू भटाभट बनाउने र पारित गराउने काम सरकार पक्षबाट हुनुपर्छ । नेपाली कांग्रेस र एमालेको गठबन्धनबाट बनेको यस सरकारसँग आवश्यक बहुमत छँदैछ । केही सांसदहरू अनुपस्थित भए पनि सुविधाजनक बहुमत पुग्छ । यस्तो बेलामा पनि चाहिएका कानुनहरू बनाउन र संशोधन गर्न पछि पर्नु भनेको सरकारको कमजोरी प्रदर्शन गर्नु हो । यस सरकारलाई मात्र होइन जुनसुकै बेलाका सरकारलाई पनि त्यस्तो छुट छैन । सरकार जनताका काम गर्न हो तर संसद्मा अन्यमनस्क भएर बस्ने अधिकार सांसदहरूलाई छैन । हिजो निर्वाचनका समयमा जनतासामु गरेका बाचाहरूको सम्झना गर्नुपर्ने उनीहरूको दायित्व हो ।

संसद् पान चपाएर, खैनी माडेर बस्ने, हाजिर गरेर हिंड्ने, गणपूरक संख्या नपुऱ्याउने र बैठक बस्न नसक्ने, चमेनागृहमा गफ गरेर बस्ने थलो हो भने अर्कै कुरा होइन भने त्यसको गरिमा पनि कायम हुन सक्नुपर्छ र त्यहाँबाट जे काम हुनुपर्ने हो ती कामहरू धमाधम हुनुपर्छ । त्यो सरकार पक्षको मात्रै दायित्व होइन र प्रतिपक्षीको मात्र जिम्मेवारी पनि होइन । सरकार सत्ता पक्षको र संसद् प्रतिपक्षको हो भन्ने मान्यता छ । यस्तो मान्यता स्थापित गर्ने विज्ञ, कुशल र आदर्श व्यक्ति जो २०४८ सालको प्रतिनिधिसभाको सभामुख हुनुहुन्थ्यो दमननाथ ढुंगाना जसको हालैमात्र पार्थिव अवसान भएको छ, त्यस मान्यतालाई सरकार र प्रतिपक्ष दुबैले मान्नु आवश्यक छ । लामो समयदेखि पारित हुन नसकेर संसद्का समितिहरूमा विधेयकहरू थन्किएर रहेका छन् ।

आवश्यक कानुनको खाँचो छ । कानुनको अभावमा सरकारले आफ्ना कतिपय कामकारबाहीहरू अध्यादेशका माध्यमबाट सञ्चालन गर्नु परिरहेको छ । पारित हुने दिनको प्रतीक्षामा रहेका ती विधेयकहरू पारित हुनसक्ने हो भने सरकारका केही कामहरू सहजताका साथ हुनसक्ने थिए । संसद् भनेकै कानुन बनाउनका लागि हो । जुन कामका लागि सांसदहरू चयन भएका छन् उनीहरूबाट त्यही काम नहुने हो भने उनीहरूको कार्यक्षमताको अभाव देखिनेछ वा उनीहरूमा उक्त कार्य गर्नका लागि आवश्यक ज्ञान, सीप र कौशल त छ तर उनीहरू त्यसो गर्न चाहँदैनन् भन्ने देखिन आउँछ । त्यस कारण संसद्को अधिवेशन शीघ्र बोलाउनुपर्ने हुन्छ भने संसद्बाट आवश्यक कानुन बनाइनुपर्छ । त्यसका लागि संसद्मा अवरोध गर्न कसैलाई पनि छुट हुनुहुँदैन । सरकार र प्रतिपक्ष दुबै बराबर जिम्मेवार हुनु जरुरी छ ।

# कांग्रेस कस्तो हुनुपर्छ ?

**जसरी छँदाखाँदाको मुखको दाँत फुक्लेपछि, हातगोडाका नङ काटेपछि, कपाल काटेपछि र मति बिग्रेका मान्छेलाई ठीक ठाउँमा राख्न नसकेपछि तिनले काहिँ पनि शोभा पाउँदैनन् ती फोहोरमा रूपान्तरित हुन्छन् । ठीक यसैगरी अहिले नेपालका राजनीतिकर्मी फोहोर, नचाहिने तत्वका रूपमा परिणत भएका देखिन्छन् ।**



● प्रा.डा.कुलप्रसाद कोइराला

### स्थान भ्रष्टाः न शोभन्ते

कुनै पनि वस्तु व्यक्तिको निश्चित स्थान हुन्छ । प्रकृतिक रूपमा र कृत्रिम रूपमा पनि स्थान तोकिएको हुन्छ । राष्ट्रसञ्चालन गर्नेका लागि त आफ्ना स्थानको परिचय गर्नु अति नै आवश्यक छ । आफू छारामा लडेर स्वर्गको धाक लाउने प्रवृत्तिले अहिलेका राजनीतिकर्मी नराम्रोसँग गाँजिएका छन् । नेपालमा मात्र होइन विश्वमा नै चारित्रिक पतन, आर्थिक प्रलोभन र नयिक विपथनका कुरा संसारको संस्कार बनेको देखिन्छ । स्वास्नी प्रभावशाली भएका नाताले लोग्ने क्षमताले नभ्याउने ठाउँमा आरोहण गर्नु, लोग्नेका प्रभावका कारणले स्वास्नी ठूला पदमा पदासिन हुनु यी सबै चारित्रिक स्खलनका कुरा हुन् ।

यो प्रवृत्ति पनि समाजको आरम्भिक बेलादेखि नै थिए तर अहिले तिनको सघनीकरणमात्र भएको हो आजै आरम्भ भएको चाहिँ होइन । गाई बाँध्ने दाम्लाले कुकुर बाँधियो भने लोकलाज र समाजका प्रचलनमा विपथन आरम्भ हुन्छ । गधाका पिठ्युँमा बोकाउने सिलौटा गाईका ढाडमा लाद्न मिल्दैन । यद्यपि भारतको आसामतिर गोरु र गाई दुवै जोतिन्छन् । खेत जोतेका ठाउँमा गएर हेरे पाँच पाथी चामलको भात पाक्ने खड्कुलो घोप्ट्याएजत्रो फाँचो भएका गाईका हल बनाएर कुटी कुटी जोतेको देखिन्छ । हाम्रै नेपालको डोटी, बैतडी आछाम, डडेल्धुरातिर जाने हो भने सारा काम आइमाईले गर्छन् । घरका लोग्नेमान्छे जाँडरक्सी खाएर दिनभरि तास खेलेर, अर्काका स्वास्नी देउकी र झुमासँग लठारिएर जीवन बिताइरहेका भेटिन्छन् ।

यस प्रकारका ठाउँमा पुगेका केही पूर्वतिरका केटीहरू आजीवन आफूलाई सोच्छन् कि आत्महत्या गर्छन् कि छोडेर हिंड्छन् । पश्चिमका केटी पूर्वमा आए भने पनि कतिपय सामाजिक सांस्कृतिक अवसरमा असजिलो मान्छन् नै । आज म यहा सामाजिक स्थान भ्रंशनको होइन राजनीति भ्रंशनको कुरा गर्दै छु । पहिलो पटक नेपाली कांग्रेसले नै नारीसशक्तीकरण र नारी महीयसिको कुरा गरेको थियो भन्ने कुरो आजका कांग्रेसी नारीले उठाउन सकेको देखिँदैन किनभने चाकडी चाप्लुसी र बूफकेस भए सबै पाइन थाल्यो ।

### दन्ता, केशा, नखा नराः

मान्छेका मुखमा रहन्जेल दाँतको कत्रो ठूलो सम्मान हुन्छ । समग्र मुखशोभा भएर पनि रहेको हुन्छ । दाँतलाई माझ्ने, बलिया बनाउने, टलक्क टल्काएर राख्नेमात्र होइन दन्तोपचारमा समेत अति ध्यान दिएको देखिन्छ । दाँतमा कुनै तलमाथि पर्दा तुरुन्त चिकित्सकनेर गएर सरसल्लाह र उपचारको काम पनि गर्दछौं किनभने सबैभन्दा पहिले अर्काले देख्ने भनेको नै दाँत हो । दाँतले व्यक्तिको व्यक्तित्वलाई सुनमा सुगन्धको काम गर्दछ भन्ने पश्चिमाका भनाइमा पनि आंशिक सत्यबोध रहेको देखिन्छ । देश चलाउने नेताका अनुहार र चरित्रमा देशको चरित्र झल्कन्छ । केश पाल्ने र फाल्ने दुई प्रकारको चलन अति प्राचीन समयदेखि नै पूर्वपश्चिम दुवैतिर चल्दै आएको इतिहास देखिन्छ ।

पौरस्त्य जगत्का नारीको चुल्ठो नै शिखा मानिने भएका कारणले पूर्वका नारीले कपाल शरीरका कुनै पनि रौं काट्दैनथे । लामो कालो बाक्लो कपाल नारीको सौन्दर्यवर्द्धक तत्व मानिन्छ । अचेल त केशमा अनेकौं प्रकारका सुगन्धित द्रव मर्दन गर्ने, अनेक रङ रङाउने समेत प्रचलन छ । यौवनका खुटिकला उक्लँदै गरेकी एउटी केटीको केशप्रसाधनसामग्री एक दिनको पाँच हजार रुपैयाँसम्म लाग्ने गरेको मैले भेटेको छु । बालकृष्ण समका घरमा जति मुखप्रसाधनद्रव नेपालमा त्यो बेला अरू कसैका पनि घरमा खर्च हुँदैन रे भन्थे । हात गोडाका औंलामा हुने नङको पनि आफ्नै प्रकारको महिमा रहेको देखिन्छ । लगभग ९९ प्रतिशत नारी सानैदेखि नङ रङ्गाउने, लामो बनाएर पाल्ने गर्दथे ।

योगप्रसाद उपाध्याय गृहमन्त्री भएका बेला उनले केटीलाई सुरक्षित रहन लामा नङ पाल जिस्क्याउन आउने केटाको मुख चिथोर या त नङमा खोर्सानीको धुलो लुकाएर राख र त्यस्ता केटाका आँखामा हाल्देओ भने भनेर पत्रपत्रिकामा उनको घोर निन्दा भएको थियो । उहाँ अनुपामकै मान्छे हुनुहुन्थ्यो आफैं गृहमन्त्री, आफैं किसुनजीको चुनाव प्रचार समितिको संयोजक, आफैं मतदाता रहनुभएको रहेनछ । मतदान गर्न बुथमा गएपछि पो चाल पाएको खबर पत्रिकामा छापिएको थियो । हो, यसरी मानवीय चिन्तन, सोच, चरित्र र केही गरौं भन्ने भावनाका ठाउँमा म, मेरो, मेरा भन्ने भावनाको बाढी बग्दा मान्छे कसिंगरमा रूपान्तरण हुन्छ ।

जसरी छँदाखाँदाको मुखको दाँत फुक्लेपछि, हातगोडाका नङ काटेपछि, कपाल काटेपछि र मति बिग्रेका मान्छेलाई ठीक ठाउँमा राख्न नसकेपछि तिनले काहिँ पनि शोभा पाउँदैनन् ती फोहोरमा रूपान्तरित हुन्छन् । ठीक यसैगरी अहिले नेपालका राजनीतिकर्मी फोहोर, नचाहिने तत्वका रूपमा परिणत भएका देखिन्छन् । सामान्य किसान मजदुर, विद्यार्थी, प्राध्यापक, वकिल, पेशागत कुनै पनि क्षेत्र र तहका मान्छेले स्याबास भन्ने चरित्र भएको कुनै पनि राजनीतिकर्मी आजको नेपालमा छैनन् यो किन भयो ? के सारा नेपालीको रुचि बिग्रियो ? यो पक्कै होइन भनेर लाटाले पनि भन्छ । कुराउनी अति नै मीठो र पवित्र खाद्य हो त्यो कुह्यो भने सारै नराम्ररी गनाउँछ ।

राजनीतिमा लागेको मान्छे पनि समाजसेवा र समाजकै आदर्श चरित्रको आफैं उदाहरण बनेर समाजलाई देखाउन मैदानमा आएको व्यक्तिका रूपमा उसलाई समाजले हेर्न चाहेको हुन्छ, त्यस रूपमा आफ्नो समर्थित व्यक्तिलाई नपाउँदा सबैतिर हेर्छ । सबैतिर त्यस्तै देखेपछि निराश भएर नकारात्मक दृष्टि र सोचको विकास हुनपुग्छ समग्र राष्ट्र आज यही मनोवैज्ञानिक अवस्थाबाट गुज्रेको देखिन्छ । कुलपतिका हैसियतले त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा कुलपति खड्गप्रसाद शर्मा ओलीले बोलेका कुरालाई पनि स्थान र मतिभ्रष्ट भएको प्रमाणका रूपमा लिन सकिन्छ ।

### इति विज्ञाय मतिमान् स्वस्थानं नपरित्यजेत्

दल या पार्टी भनेको पनि मिल्दो विचार, आचरण र चिन्तन भएका मानव समूहको संगमस्थल हो । यसमा समानता, स्वतन्त्रता र योग्यताको कदर गर्ने नीति अख्तियार गरेको हुन्छ । योग्यताको कदर भएन, चारित्रिक पवित्रता र अपवित्रताको मूल्यांकन भएन भने दलमा विकृति आउँछ । संगठन असंगठित बन्दै जान थाल्छ । विरोध र समर्थनको समान कदर गर्नका निमित्त प्रजातन्त्रमा विरोधको अवसर विधानले नै प्रत्याभूत गराएको हुन्छ । प्रजातन्त्र भनेको विधि र मर्यादाका दृष्टिले समानता, स्वतन्त्रता, निर्भय र विश्वभ्रातृता हो । यसो भएको हुनाले विज्ञजन या बुद्धिमान् मान्छेले यो कुरो बुझेर आफ्नो संस्कार, कुलपरम्परा र मर्यादामा आँच आउने खालका कुनै पनि काम गर्दैन । यसरी हेर्दा अहिले जसरी डा.शेखर कोइराला देशका पहाड, तराई, हिमालका गाउँगाउँ र बस्तीबस्तीमा पुगेका देखिन्छन् ।

तिनले भने कांग्रेसको प्रागितिहासको मर्यादा र विराटनगरे कोइराला जो पिताजी कृष्णप्रसादका सन्तानका रूपमा चिनिँदै र देखापर्दै आएका छन् तिनीहरूमध्ये अब्बल दर्जाका कोइराला बनेर निक्लेलान् जस्तो अभिलक्षण देखाएका छन् । भारतीय राष्ट्रिय कांग्रेसका नेहरू परिवारमा आएको अहंबोधलाई अटलविहारी बाजपेयीले धूलीसात गराएका थिए भने लगभग शासन सत्ता सम्हाल्ने शक्तिका दृष्टिले नेपाली कांग्रेस पनि नेपालमा भारतीय राष्ट्रिय कांग्रेसकै अवस्थामा पुगेको वर्तमान बेलामा आफ्नो मौलिक पहिचान र परिचय बनाउँदै डा.शेखर कोइराला बाङ्ला भाषाका नोबेल पुरस्कार विजेता रवीन्द्रनाथ ठाकुर झैं एक्लै हिंड्न लागेका छन् । उनले भनेका थिए 'अकेला चलो रे' जसरी कपडा घस्टिएर मैलन्छ पातलिन्छ अनि अर्को नयाँ कपडा सिलाएर हामी लाउँछौं त्यसैगरी जब कुनै मूल्यमान्यता, आचार विचारमा शिथिलता आउन लाग्छ अनि बुद्धिमान् मान्छे त्यसका ठाउँमा नवप्रवर्तनका लागि प्रयत्नशील बन्छ ।

अहिलेका कांग्रेसमा डा.शेखरको प्रयास त्यतैतिर अभिकेन्द्रित भएको देखिएको छ । नेपाली बौद्धिक समुदाय पनि कम अनुदार छैन । हिजो राजा महेन्द्रको जयगान गाएर नथाक्ने पछि बपी र गणेशमानको जयगानका धुन गुन्गुनाउँदै हिंड्थे र सामुन्ने पर्दा धनुष्टंकार अभिवादन पनि गर्न भ्याउँथे । कोशी गण्डक बेचुवा भनेर महेन्द्रले सिकाएको नारामा रमाउने हाम्रेडानन्द आज खाम्रेशानन्दका वैशाखी बनेका छन् । हाम गर्न पाउँदा आनन्द मान्ने जीवमा परिणत भएका छन् देब्रेमुड्कीहरू भने खान पाउँदा गुहेकीरालाई पनि ईश्वर मान्न लागेका छन् । हिजो जसलाई हामी कांग्रेस भनेर चिन्थ्यौं तिनीहरू । खाम्रेशानन्द र हाम्रेडानन्द दुवैमा आमूल परिवर्तनको आवश्यक्ता देखिएको छ ।

चौध हजार विद्यार्थीलाई दीक्षा दिन गएका कुलपति र सहकुलपतिका भाषण सुन्दा गोठाला खेतालालाई बारीका आलीमा बसेर तालुकदार तथा तालुकदार्नीले उपदेश दिएको जस्तो लाग्थ्यो । न दर्शन, न ज्ञान, न व्यवहार, न त राष्ट्र निर्माणका लागि कुनै योजना र सन्देश हाय रे मेरो देश !!! यस प्रकारका रित्ता दिमागले हाँकेका मुलुकका युवक युवतीको हालत के होला ? बालकृष्ण सम, वैरागी काँइला, कर्ण सिंहका भाषण पढेर गएका भए पनि एक दुई शब्द त गहकिला पर्थे होला हाय रे हलीबुद्धि । दीक्षान्त दिन कुलपति गए पनि अन्तर्राष्ट्रिय विद्वान्बाट दीक्षान्त भाषण गराउने प्रतिज्ञा गराउने चलन पनि मेरिटोक्रेसी बोकेर आएका बराललें कता लगेर बराले छन् ?

**अहिले दारा र नंग्रा भएका कुलमा जन्मे पनि कांग्रेसको गन्ध आउने थोत्रो टालो फेटा बाँधेर राजनीतिक पद पड्काउन पिटिक्क लाज नमान्ने जमातले भरिन लागेको छ कोइरालाले सिर्जना गरेको देश चलाउने संयन्त्र कांग्रेस । आजसम्मै पनि कृष्णप्रसाद कोइरालाका बुहारी, नातिने बुहारी भने यसरी बेशर्म बनेर मैदानमा देखिएका छैनन् ।**

### ताकेको फल मुठीभित्र नपरी हट्दैन शूरो नर

कृष्णप्रसाद कोइरालाका साइँला छोरा, दिव्या कोइरालाका माइँला छोरा केशवप्रसाद कोइराला जसले राजनीति, कृषिनीति र गृहनीतिलाई एकत्रित गराएर एउटा मानक तयार गरेको थियो । शरीरको छायाँ जसरी शरीरसँगै रहन्छ त्यसैगरी आफूलाई पतिका इच्छा र चाहनामा समर्पित गर्ने नारीरत्नमध्येकी एक थिइन् नोना कोइराला पनि । सुशीला, नोना र रोशा कृष्णप्रसाद कोइरालाका बुहारीका रूपमा भित्रिएका महासरस्वती, महालक्ष्मी र शैलपुत्रीका रूपमा आएका थिए । जसले कहिल्यै पनि राजनीतिक पदको आकांक्षा गरेनन् । राजनीतिको जूवा काँधबाट ओर्लन पनि दिएनन् र राजनीतिका कारणले पाउने पदको पनि अभिलासा कहिल्यै यिनले राखेनन् ।

अहिले दारा र नंग्रा भएका कुलमा जन्मे पनि कांग्रेसको गन्ध आउने थोत्रो टालो फेटा बाँधेर राजनीतिक पद पड्काउन पिटिक्क लाज नमान्ने जमातले भरिन लागेको छ कोइरालाले सिर्जना गरेको देश चलाउने संयन्त्र कांग्रेस । आजसम्मै पनि कृष्णप्रसाद कोइरालाका बुहारी, नातिने बुहारी भने यसरी बेशर्म बनेर मैदानमा देखिएका छैनन् । देशभरिका तमाम कार्यकर्ताले दिएको आमा, भाउजू भन्ने सम्मानलाई खास्टो ओढे झैं ओढेर प्रजातान्त्रिक आन्दोलनका विरुद्ध मडारिएका काला बादलका विरुद्ध चट्टान बनेर उभिएका नारीमध्ये एउटीका छोरा हुन् डा.शेखर । उनलाई त्यो संस्कारले पनि हीनगतिविधि गर्न दिँदैन तर पनि शुभेच्छुकले चाकडी, चाप्लुसी होइन सजग सतर्क गराई नै रहनुपर्दछ ।

यति भयो भनेमात्रै १५औं महाधिवेशनले लक्ष्य प्राप्त गर्न सक्नेछ । चुनावमा जित हार हुन्छ । मूल कुरो हो कांग्रेस कांग्रेस जस्तो बनेर आउनुपर्छ । कांग्रेस हिमाल, तराई र पहाडका तमाम तह र तप्काको शरण्यकेन्द्र बन्नुपर्छ जसरी बीपीले बनाएका थिए । नेहरूले बनाएका थिए । भुट्टो र शेख मुजिबुर्रहमानले बनाएका थिए । पछिल्लाले त्यही बनाएर राख्न नसक्दाको परिणाम हामीले देखेकै छौं । हो, त्यसरी काम गर्नेलाई नेता मान्छौं, हामी नेता बन्दैनौं भ्रष्टलाई नेता मान्दैनौं भनेर जनता जाग्नुपर्छ । कालो ह्ययं निरवधि: विपुला च पृथ्वी: । समय सीमाविहीन छ र पृथ्वी पनि अत्यन्त नै चौडा छ ।

# सानातिना कुरामा अल्झियो सरकार

**क्षेत्रीय कूटनीतिलाई सम्हाल्न नसक्दा सरकार संविधान संशोधनको विषयवस्तुमा प्रवेशसम्म पनि गर्न सकेको छैन । भारततिरको दबाब र चीनको अप्रत्यक्ष तर पिरो लाग्ने वैदेशिक सम्बन्धलाई सही किसिमले नियन्त्रण गर्न नसक्दाको परिणाम मुलुक र सत्ता समीकरणको साथमा संविधान संशोधनको कार्यतालिका प्रभावित हु उबनभने सम्भावना बढेर गएको छ ।**



● मेघनाथ दाहाल

बहुदलीय प्रतिस्पर्धात्मक मुलुकमा बालिक मताधिकारको प्रयोगको माध्यमले दलहरूले आवधिक निर्वाचनमा पाएको जनादेशको आधरमा सरकार बन्नु स्वाभाविक प्रक्रियामा पर्ने विषयवस्तु हो । यदि संविधानतः एकदलीय सरकार बन्न नसकेको अवस्थामा दुई वा सोभन्दा बढी दलहरूको संलग्नतामा सरकारको निर्माण हुने गर्दछ । यसमा दलहरूबीचको कार्यगत पक्षमा कुरा मिल्दासम्म चलिरहने र निमिलेको खण्डमा पुन नयाँ बन्ने प्रक्रियालाई धेरै अनौठो र पहाडै खस्ने किसिमले लिनुपर्ने विषय होइन । यो प्रक्रियामा संविधान र कानुनी सीमाको भने सबै दलहरूले ख्याल राख्नुपर्ने हुन्छ । हाल मुलुकमा नेकपा एमाले र नेपाली कांग्रेससहित अन्य दल मिलेर बनेको गणितको हिसाबमा सबैभन्दा शक्तिशाली सरकारको उपस्थिति छ ।

स्वाभाविक रूपमा संघीय सरकारको बाछिटा प्रान्तीय तथा स्थानीय सरकारमा पर्नु कुनै पनि नयाँ राजनीतिक कुरा हुँदै होइन । बडो कष्टका साथ लागु गरिएको संविधानको पूर्ण पालना हुँदा नहुँदै संविधान संशोधन जस्तो गाह्रो कामलाई अघि सारेर जसरी राजनीतिक खिचडी पाकिरहेको छ यो धेरै पाच्य हुने लक्षण देखिएको छैन । २०७२ आश्विन ३ गतेका दिनदेखि आजसम्म भएका कामहरूको जसअपजस लिँदै अबका दिनमा सरकारले सम्बोधन गर्नुपर्ने धेरै कुरा एकातिर थन्क्याएर झिनामसिना दाउपेचमा सरकार अल्झिन पुग्दा भोलिको बाटो अफठ्यारो हुने हो कि जस्तो देखिएको छ भने आममानिसमा चरम निराशा हुन पुगेको छ । यसलाई समयमै चिर्न एवं मानिसहरूमा सरकार दल र तिनका सदस्यहरूप्रतिको विश्वासमा पुनरावृत्तिको निमित्त कतिपय आधारभूत काम नगरिनहुने देखिएका छन् । सो कामहरूका बारेमा केही वृस्तृतमा छलफल गरिएको छ ।

### अस्थिर, अविश्वासिलो कूटनीति :

छिमेकीहरूसँगको सम्बन्ध एवं समग्र बाह्य कूटनीतिका धेरै पक्ष लथालिंग भताभुंग जस्ता देखिएका छन् । एउटा पक्ष मिलाउने प्रयासमा अर्कोमा समस्या आउने एवं अर्को मिलाउँदा तेस्रो रुष्ट हुन जाँदा अवस्था झन्झन् गम्भीर हुँदै गएको छ । भारतीय तथा चिनियाँ अर्थतन्त्रको चमत्कारिक किसिमको विस्तार र उनीहरूको नेपालप्रतिको चासोलाई सही किसिमले नियन्त्रण गर्न नसक्दाको परिस्थिति दिनानुदिन बिग्रँदो छ । हिजो चिनियाँ एवं भारतीय अर्थतन्त्रको अवस्था समान्य हुँदा र उनीहरूको राजनीतिक उपस्थिति विश्वरंगमञ्चमा खासै उल्लेखनीय किसिमको नहुँदाको बखत अमेरिकी तथा रसियन झुकावले नेतृत्व गरेको विचारले मात्र आन्तरिक तथा बाह्य शक्ति सन्तुलनमा प्रभाव पारेको थियो ।

तर, अबको विश्व आर्थिक तथा राजनीतिक अवस्था १८० डिग्रीमा परिवर्तन भएको छ । यस कुरालाई सत्ता र सरकारमा बसेका दल तथा तिनका विज्ञहरूले अत्यन्त संवेदनशीलताको साथमा मनन् गर्नुपर्ने समय भइसकेको छ । एकातिर हामीले तीनदशकभन्दा लामो प्रजातान्त्रिक विधिमा उदार अर्थतन्त्रको अभ्यास गर्दा पनि त सही रूपमा संरचनात्मक किसिमले आर्थिक तथा व्यावसायिक जगतको सकारात्मकता भित्र्याउन सकेका छैनौं । आठौं योजनाबाट भित्रिएको खुला तथा बजारमा आधारित आर्थिक तथा व्यावसायिक गतिविधिको हकमा विस्तारको साटो खुम्चँदो अवस्था छ । आन्तरिक रूपमा काममा कमजोरी नै राजस्व परिचालनको दायरा माथि जान सकेको छैन ।

आज पनि सरकारको साधारण खर्च धान्न नसक्ने किसिमको राजस्व परिचालनले पूर्वाधार विकास निर्माणको हकमा कुन स्तरमा कति प्रतिशतको वृद्धि गर्न सकिएला भन्ने बारेमा नीतिनिर्माता विज्ञ तथा व्यावसायिक जगतले ख्याल गर्नुपर्नेछ । सत्ताको नजिका भएकाले अब यस्ता प्राविधिक तर मुलुकको दीर्घकालीन संरचनागत पक्षमा असर गर्ने कुरामा सदासर्वदा ख्याल राख्नुपर्दछ ।

संविधान संशोधन र सुशासनको कार्यान्वयन हाल सरकारमा रहेका मुख्य दलहरू एमाले र कांग्रेसको सहकार्य मुख्य गरी यिनै दुईवटा उद्देश्यका निमित्त तयार भएका हुन् सरकार बनेका दिनदेखि यो एजेण्डा नै हराएको जस्तो भएको छ । उदार प्रजातान्त्रिक व्यवस्थाको पहिलोको कडीको रूपमा सुशासनलाई लिइने गरिन्छ । सुशासनको प्रत्याभूतिले मात्र सर्वसाधारणको जीवनस्तरमा गुणात्मक परिवर्तनको ढोका खोल्नसक्ने क्षमता राख्दछ । तर काम गराइ नेपालीहरूको हकमा भने सदासर्वदा अभिशाप बनेको छ । सत्ता समीकरणले साथ दिएका कारण क्याबिनेटमा पुगेका वा सिंहदरबार तथा बालुवाटारको बार्दलीमा पहुँच पुऱ्याएकाले नमाने पनि तीतो सत्य के हो भने हाल मुलुकमा सुशासन भन्ने कुनै तत्वको कत्ति पनि अंश भेटिँदैन ।

थोरै स्थानीय निकाय भने यसका अपवादका रूपमा छन् । राजनीतिक दलका नेताहरू प्रशासनिक व्यक्तित्व एवं निर्वाचित प्रतिनिधिसँगको पहुँच नभएकाको सरकारी कामकाज कसरी हुन्छ भन्ने कुरा जानकारी भएकै विषय हो । एकजना सर्वसाधारणले सरकारी काम गर्न जाँदा सानो कामका लागि अतिरिक्त शुल्क वा कुनै न कुनै रूपमा भेटी नचढाइ कामको कुनै सुरुवात हुँदैन । कम्तीमा गणितमा सरकारले यस अवस्थामा परिवर्तन गर्न सकेन भने भोलि यो कसैले हिम्मत गर्न सक्दैनन् ।

क्षेत्रीय कूटनीतिलाई सम्हाल्न नसक्दा सरकार संविधान संशोधनको विषयवस्तुमा प्रवेशसम्म गर्न सकेको छैन । भारततिरको दबाब र चीनको अप्रत्यक्ष तर पिरो लाग्ने वैदेशिक सम्बन्धलाई सही किसिमले नियन्त्रण गर्न नसक्दाको परिणाम मुलुक र सत्ता समीकरणको साथमा संविधान संशोधनको कार्यतालिका प्रभावित हुने सम्भावना बढेर गएको छ । भर्खरै बिआरआईको बारेमा सरकारको केटाकेटीपनको कारण चीनसँगै भारत पनि चिढिएको छ । परराष्ट्रमन्त्रीको भारत भ्रमणको समयमा कुनै पनि भारतीय समकक्षी तथा प्रत्यक्ष अर्थ राख्ने व्यक्तिहरूले नेपालका परराष्ट्रमन्त्रीलाई समय नदिनुले पुष्ट्याइँ गरेको छ ।

यो बाह्य परिवेशमा हाल कामय रहेको संविधानको संशोधनको मुद्दा त्यति सरल रूपमा अघि बढ्ने कुरामा कसैले विश्वास गर्न सक्दैन । किनभने मधेसको मुद्दामा भारतले सुरुका दिनबाटै एक किसिमको रिजर्भेसन राखेको थियो त्यो आजका दिनसम्म यथावत छ । राजनीतिक नेतृत्वले के कुरामा स्पष्ट हुन जरुरी छ भने आर्थिक पक्षमा सुधार नगरिकन राजनीतिमात्रले मुलुकलाई हिँडाउँछु भन्नु निरर्थक हुन जान्छ ।

**उत्पादन वृद्धिका लागि आवश्यक मल, बिउ, औजार भण्डारनको साथमा बजारीकरण र मूल्य कम्तीमा लागतमा थोरै भए पनि नाफाको ग्यारेन्टी हुने हो भने युवाहरूको स्वदेश फिर्तिमात्र नभएर ज्ञान, सीप तथा दक्षताले कृषिमाथि जानसक्छ तर राज्यले गर्नुपर्ने न्यूनतम काम भने पूरा गर्नैपर्ने हुन्छ ।**

जस्तो पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा नराखेसम्म नाम मात्रको हल्लाखल्ला त हुन्छ तर व्यवसायीले उचित लाभ लिन सक्छन् न त सरकारले नै यस क्षेत्रबाट आशातित प्रतिफल पाउन सक्छ । जति हल्ला बजारमा पर्यटक आगमनको भएको छ, त्यस किसिमको नाफा कसैले लिन सकिरहेका छैनन् । नेपालमा आजभोलि आउने पर्यटक तल्लो स्तरको आर्थिक अवस्था, खर्च गर्ने क्षमता कम भएका मात्र आउने गरेको कुरा स्वयं व्यवसायी बताइरहेका छन् । त्यसैगरी कृषिक्षेत्रको व्यावसायिकताको गफ गरेरमात्र हुँदैन । उत्पादन वृद्धिका लागि आवश्यक मल बिउ, औजार भण्डारनको साथमा बजारीकरण र मूल्य कम्तीमा लागतमा थोरै भए पनि नाफाको ग्यारेन्टी हुने हो भने युवाहरूको स्वदेश फिर्तिमात्र नभएर ज्ञान सीप क्षमता तथा दक्षताले कृषि माथि जानसक्छ तर राज्यले गर्नुपर्ने न्यूनतम काम भने पूरा गर्नैपर्ने हुन्छ ।

जग्गाको अति खण्डीकरणलाई नीतिगत उपायद्वारा नियन्त्रणमा लिएर ठूलो जग्गामा व्यावसायीकरण गर्नसकेमा हाम्रो मौसम र भूगोल खाद्यान्न तेलहन दलहन तथा फलफूललगायत सबै खेतीहरूको निम्ति अत्यन्तै उपयोगी छ । त्यसैगरी भारतीय क्षेत्रमा भएको विकास निर्माणका लागि आवश्यक निर्माण सामग्रीको आपूर्ति जस्तो ढुंगागिट्टी, बालुवा तथा रड सिमेन्ट जस्ता वस्तुहरूको निर्यातमा सोच्ने हो कि ?

### वित्तीय क्षेत्रको व्यवस्थापन :

हाल वित्तीय क्षेत्रमा ब्याज तल झरेको छ । औसतमा लगानीका लागि आवश्यक पुँजीको ब्याज सिंगल डिजिटमा रहेको छ तर लगानीको मागमा हौसला आउन सकेको छैन । व्यवसायीमा आत्मविश्वासको विकास हुन सकिरहेको छैन । सरकारले एक पूर्वसचिवको संयोजकत्वमा समिति पनि गठन गरेको छ तर वित्तीय संस्थाको थुप्रिएको लगभग आठ खर्बको लगानीयोग्य रकमको दायित्वबाट समग्र क्षेत्र नै अत्तालिएको अवस्था छ । निराकरणका लागि सरकारले ठोस नीतगत सुधारका काम गर्नुपर्ने समय भएको जस्तो देखिन्छ ।

एकातिर लगानीयोग्य रकम थुप्रिँदै जाने अर्कोतिर स्रोतसाधनको उपयोग हुन नसकेर विकास र आर्थिक वृद्धिको काम चौपट हुन गएको छ । त्यसैगरी विगत लामो समयदेखि सल्टिन नसकेको सहकारीको मुद्दाले राष्ट्रिय राजनीतिमा मात्र नभएर समग्र आर्थिक क्षेत्रको व्यवस्थापनमा कुनै न कुनै रूपमा समस्या देखाइरहेको छ । सरकारले यस किसिममा ठोस रूपमा निकास दिन सकिरहेको छैन ।

## ज्योति बैंकलाई दुषित थानी रिसोर्टमा छुट




**काठमाडौं ।** ज्योति विकास बैंकले धुलिखेलस्थित दुषित थानी हिमालयन रिसोर्टमा बैंकका ग्राहकलाई १५ प्रतिशतसम्मको विशेष छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ । सम्झौतासँगै ज्योति बैंकका ग्राहकले उक्त रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । रिसोर्टले खाना तथा पेय पदार्थ, देवराना वेल्नेस स्पा, स्विमिङ पुल, ज्याकुजी, स्टिम, साउनाजस्ता सुविधामा ज्योति विकास बैंकका ग्राहकलाई छुट प्रदान गर्ने बैंकले जनाएको छ । हालै बैंकले पोखरास्थित टेका रिसोर्टमा ३० प्रतिशत र अतिथि रिसोर्ट एण्ड स्पामा २० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ भने खोटाङस्थित जाम्बाला रिसोर्टमा १० प्रतिशतसम्म छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ ।

# फास्ट ट्र्याकमा वैकल्पिक व्यवस्थामार्फत् बिजुली

**हिमालय टाइम्स**
काठमाडौं, १६ पुस

नेपाल विद्युत् प्राधिकरणले काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक)अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-८ माण्डु माल्टाबेंसी र इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरी कोगटे क्षेत्रमा पर्ने सडक निर्माणका लागि आवश्यक विद्युत् वैकल्पिक व्यवस्थामार्फत् आपूर्ति दिने भएको छ ।

विद्युत् अभावमा फास्ट ट्र्याक निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी जति सक्दो छिटो विद्युत् आपूर्तिका लागि काम अघि बढाइएको जनाएको छ । उक्त क्षेत्रका बासिन्दाको विद्युत् आपूर्तिमा भने कुनै समस्या छैन ।

फास्ट ट्र्याकको माण्डु माल्टाबेंसी र सिस्नेरी कोगटे क्षेत्रमा पुल, ग्यालरी सुरुङ, सुरुङलगायतका संरचना निर्माणका लागि आवश्यक विद्युत् अभावमा निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी आपूर्ति दिन लागेको हो । फास्ट ट्र्याकलाई उक्त क्षेत्रमा करिब १२ मेगावाट विद्युत् आवश्यक पर्नेछ । सो क्षेत्रमा चार प्याकेजमा निर्माण भइरहेको छ ।

विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्थाअन्तर्गत कुलेखानी पहिलो जलविद्युत् केन्द्र ढोर्सिङ्गबाट माण्डुसम्मको पहिले चालु रहेको ६६ केभी लाइनलाई ११ केभीमा सञ्चालनमा ल्याइनेछ । काठमाडौंमा जगेडामा रहेको २२.५ एमभिएको पावर ट्रान्सफर्मर ढोर्सिङ्ग सबस्टेसनमा लगेर त्यहाँ जडान गरी सोहीमार्फत् फास्ट ट्र्याकका लागि आवश्यक विद्युत्



आपूर्ति दिइने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार ढोर्सिङ्ग सबस्टेसनमा स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि हाल पाँच एमभिए क्षमताको पावर ट्रान्सफर्मर पूर्ण भारमा चालु रहेकाले थप विद्युत् प्रवाह गर्न नसकिने हुँदा अर्को ठूलो क्षमताको ट्रान्सफर्मर थप्न लागिएको हो । गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले माण्डु हाइड्रोपावरले सञ्चालन गरेको २२ मेगावाटको बागमती खोला साना जलविद्युत्को विद्युत्गृहलगायतका संरचनामा ठूलो क्षति पुर्‍याई विद्युत् उत्पादन बन्द हुँदा त्यसपछि फास्ट ट्र्याकअन्तर्गत उक्त खण्डमा विद्युत् आपूर्ति हुन सकिरहेको छैन । बागमती नदीमा आएको बाढीले आयोजनाबाट उत्पादित विद्युत् प्रवाह गर्ने स्विचयार्ड र त्यहाँ प्राधिकरणले राखेको पावर ट्रान्सफर्मरलगायतका उपकरणसमेत बगाइदिएको थियो ।

आयोजनाबाट उत्पादित विद्युत् ६६ केभी प्रसारण लाइनमार्फत् ढोर्सिङ्ग र ३३ केभी लाइनमार्फत् ललितपुरको माल्टा सबस्टेसनतर्फ प्रवाह गरिएको थियो । माल्टा सबस्टेसनबाट ११ केभी लाइनमार्फत् फास्ट ट्र्याकलाई आपूर्ति दिइएको थियो । माल्टा सबस्टेसनमा ललितपुरमै सञ्चालनमा रहेको अर्को दुई मेगावाटको खानीखोला जलविद्युत् आयोजना पनि जोडिएको थियो ।

तर, बाढीपहिरोले खानीखोलामा पनि क्षति पुगेपछि माल्टा सबस्टेसन विद्युत् स्रोतविहीन बनेको थियो । जसका कारण फास्ट ट्र्याकको विद्युत् आपूर्ति बन्द भएको थियो । हाल दुवै आयोजनाको पुनर्निर्माण चलिरहेको छ ।

विद्युत् आपूर्ति नहुँदा फास्ट ट्र्याक निर्माणमा समस्या भएको नेपाली सेनाले जानकारी गराएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालगायतको उच्चस्तरीय टोलीले सोमबार माण्डु माल्टाबेंसी क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो ।

टोलीले पुनर्निर्माण भइरहेको बागमती खोला साना जलविद्युत् आयोजना र ढोर्सिङ्ग सबस्टेसनको भ्रमण गरी तत्काल विद्युत् आपूर्ति गर्न सकिने विभिन्न विकल्पमा सम्बन्धित पदाधिकारीसँग छलफल गरेको थियो । आयोजनाको पुनर्निर्माण आगामी चैतभित्र सक्ने गरी काम भइरहेको छ । उक्त आयोजना सञ्चालनमा आएपछि पुरानै व्यवस्थाअनुसार विद्युत् आपूर्ति दिइनेछ ।

कार्यकारी निर्देशक घिसिङले आयोजना सञ्चालनमा नआएसम्मका लागि ढोर्सिङ्ग सबस्टेसनमा पावर ट्रान्सफर्मर थप्ने र ढोर्सिङ्ग-माण्डु लाइनलाई ११ केभीमा चार्ज गरी फास्ट ट्र्याकलाई विद्युत् आपूर्ति दिनु तत्कालका लागि उपयुक्त विकल्प भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हाम्रो कारणले राष्ट्रिय गौरवको आयोजनाको काम प्रभावित हुनुहुँदैन, अहिले यहाँ आपूर्ति दिन विद्युत् स्रोतको अभाव हो, बाढीले क्षति पुर्‍याएका जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु नभएसम्मका लागि वैकल्पिक व्यवस्थामार्फत् आपूर्ति दिनुपर्छ, यसका लागि तत्काल काम सुरु गरौं ।'

उपकार्यकारी निर्देशक सिलवालले लाइन पुनर्स्थापनाका लागि स्थानीयरूपमा गर्नुपर्ने आवश्यक काम तत्काल अघि बढाउन पालुङ र हेटौंडा वितरण केन्द्र प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

## अब सबै इभी स्कुटर एकै ठाउँमा



काठमाडौं । ललितपुरको सातदोबाटोमा सबै ब्राण्डका स्कुटरहरू पाइने इभी मार्ट सञ्चालनमा आएको छ । श्री अटो इन्कर्पोरेट प्रालिले बजारमा उपलब्ध राम्रो सर्भिस सेवा भएका ब्राण्डमात्र बिक्री गर्न मार्ट सञ्चालनमा ल्याएको कम्पनीका निर्देशक रोशनकुमार श्रेष्ठले बताउनुभएको छ । उहाँका अनुसार हाल बजारमा इण्डियन र चाइनिज गरी लगभग ७०-८० ब्राण्डका कारण उपभोक्ताहरू अन्योलमा परेका छन् । सोही अन्योल चिर्न मार्ट सञ्चालनमा ल्याइएको हो । मार्टमा बिक्रीका साथै स्कुटरसम्बन्धी जानकारी, परामर्श तथा सर्भिसमा समस्या भएका ग्राहकले पनि सम्पर्क गर्न सक्ने बताइएको छ । ललितपुरमा इभी स्कुटर ग्राहकहरू धेरै रहेको र शोरुममा विभिन्न ब्राण्डका र ग्राहकको मागअनुसारका जुनसुकै मोडलका सवारीसाधन बिक्री गरिने कम्पनीका प्रबन्ध निर्देशक क्रिष्टिना ताम्राकारले बताउनुभएको छ ।

## कर्णालीका विद्यार्थीलाई महालक्ष्मीको छात्रवृत्ति



**काठमाडौं ।** महालक्ष्मी विकास बैंकले शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण-सुधार, दिगो विकास लक्ष्य, मानव सेवालगायतका परोपकार कार्यमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम सञ्चालन गर्ने नीतिअनुरूप विभिन्न्न कार्यक्रम सम्पन्न गरेको छ । सोहीअन्तर्गत बैंकले कर्णाली क्षेत्रका १० जिल्लाका सरकारी विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) पास गरी काठमाडौंमा प्लस टु तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिइभिटी) अन्तर्गत डिप्लोमा अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीलाई कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्र कालिकोटसँगको समन्वयमा छात्रवृत्ति प्रदान गरेको छ । यस किसिमको कार्यबाट खर्च अभावबाट कुनै पनि विद्यार्थीको उच्च शिक्षा हासिल गर्ने चाहनामा गतिशीलता प्रदान गर्न केही हदसम्म भए पनि सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

## एनआरएनए र बेलायती राजदूतबीच अन्तरक्रिया

**हिमालय टाइम्स**
काठमाडौं, १६ पुस



गैरआवासीय नेपाली संघ(एनआरएनए)का अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले नेपालका लागि बेलायती राजदूत रोब फेनसँग भेट गरेको छ । उक्त भेटमा विशेषत: दुई देशबीचको द्विपक्षीय सम्बन्ध, लगानी, रोजगारी सिर्जना, शिक्षा र सीप सिकाइका क्षेत्रमा नेपाली डायस्पोराको भूमिकालगायतका विषयमा महत्त्वपूर्ण अन्तरक्रिया भएको थियो ।

सोअवसरमा अध्यक्ष केसीले नेपाली डायस्पोराले नेपालको जिडिपीमा पुर्‍याइरहेको योगदानलगायत लगानी, शिक्षा स्वास्थ्य, रोजगारी, परोपकारी क्षेत्रमा भइरहेको गतिविधि र कोरोना समयमा नेपाली डायस्पोराले गरेको सहयोगबारे जानकारी गराउनुभएको थियो । नेपाल सरकारले सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारसहित गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गरेको र लगानीका लागि पनि डायस्पोरालाई प्रोत्साहन गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

उपाध्यक्ष डा. विनोद श्रेष्ठले अस्ट्रेलियामा डायस्पोराका विभिन्न गतिविधि, ज्ञान, सीप र प्रविधिका क्षेत्रमा भएको प्रगति र त्यसलाई नेपाल भित्र्याउन भइरहेको पहलबारे जानकारी गराउनुभयो भने महिला उपाध्यक्ष रोजिना प्रधान राईले बेलायतमा रहेका ब्रिटिस गोर्खाको मुद्दा स्मरण गराउँदै दुई देशबीच उच्च तहबाटै उक्त मुद्दाको सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले महिला बालबालिका तथा बेलायतमा रहेका नेपाली विद्यार्थीका विषयमा नेपाली डायस्पोराले गरिरहेको पहलबारे जानकारी गराउनुभएको थियो । सो अवसरमा नेपाल फेस्टिभल, दोस्रो पुस्ताको डायस्पोरालगायतका विषयमा पनि छलफल भएको थियो ।

भेटमा राजदूत रोब फेनले युवाहरूको रोजगारी सिर्जना र त्यसका लागि सहकार्यको अवसरलाई जोड दिँदै दुई देशबीचको सहकार्य अझ प्रगाढ बनाउन आफ्नो सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । प्रवासमा रहेका नेपालीहरूको सक्रिय सहभागिता नेपालका लागि अत्यन्त महत्त्वपूर्ण रहेको भन्दै उहाँले यथेष्ट लगानी नेपालमा भित्रिन नसक्नुको कारणबारे खोजी गरी बढीभन्दा बढी लगानी भित्र्याउन जोड दिनुपर्ने बताउनुभयो । शिक्षा, व्यापार, युवा रोजगारीका क्षेत्रमा नेपाली डायस्पोरासँग सम्भावित सहकार्य हुन सक्ने उहाँको भनाइ थियो । उक्त भेटमा संघका सहकोषाध्यक्ष कृष्णप्रसाद तिमल्सिना र प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतको समेत उपस्थिति थियो ।

## भारतमा हुने बाह्य कल सस्तियो

**काठमाडौं ।** नेपाल टेलिकमले विगतदेखि नै भारतमा सस्तो दरमा कल गर्न लागू गरेका विभिन्न विकल्पमध्ये एक्सेस कोड १४२४ प्रयोग गरेर हुने बाह्यगमन कलको नयाँ महसुल दर निर्धारण गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत भई सोमबार राती १२ बजेदेखि लागू हुने गरी एक्सेस कोड १४२४ को महसुल दर करबाहेक प्रतिमिनेट तीन रुपैयाँ ७६ पैसा कायम गरिएको हो । साथै एक्सेस कोड १४२४, १४२५ र १४४५ को प्रयोग गरेर भारतमा हुने बाह्यगमन कलको पल्सदर ६० सेकेण्ड निर्धारण गरिएको कम्पनीका प्रवक्ता हरि ढकालद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

**सिला चौधरी द्वारा प्रस्तावित सि.जि. कर्पोरेट टावर (भवन) को प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाई सम्बन्धी सुचना**

सिला चौधरी द्वारा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३, झम्सिखेलमा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित सि.जि. कर्पोरेट टावर (भवन) को प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नुपर्ने भएकाले निम्न मिति, स्थान र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनु हुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाइ हुने स्थान, मिति र समय**

| | |
|---|---|
| प्रस्तावक: | सिला चौधरी |
| मिति: | २०८१/०९/२२, सोमबार |
| स्थान: | प्रस्तावित आयोजना परिसर, ललितपुर महानगरपालिका वडा नं. ३, झम्सिखेल |
| समय: | बिहान ११:४५ बजे |
| प्रभाव पर्न सक्ने स्थान: | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३ |

**Hupsekot Rural Municipality**
**Office of Rural Municipal Executive**
**Jhyalbas, Nawalparasi (East)**

**Invitation for Bids**

**First date of publication: - 1st January, 2025**

1. Hupsekot Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following works:

| S. N. | Contract Identification No. | Name of Project | Estimated Amount (Without VAT and PS) (NRs.) | Last date of Bid Submission | Bid Security (NRs.) | Bid Document Fee (NR.s) |
|---|---|---|---|---|---|---|
| 1. | HUP/NCB/W/06/ 2081-82 | Construction of Hattigauda Public Building | 27,82,422.67 | January 31, 2025, 12:00 Noon | 83,000.00 | 3,000.00 |

2. The bids will be opened in the presence of bidders' representatives who choose to attend at January 31, 2025, 1:00 PM at the office of Hupsekot Rural Municipality.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hupsekot Rural Municipality Jhyalbas, Nawalparasi (East), **Email:hupsekotrmun@gmail.com** or may visit PPMO website: **www.bolpatra.gov.np/egp**

**Chief Administrative Officer**

**Invitation for Bids**

**Jagannath Rural Municipality**
**Office of the Rural Municipal Executive**
Juddi, Bajura
Sudurpaschim Province, Nepal

**Invitation for Bids No: JRM/IC/WORK/NCB/03/2081/082, JRM/BC/WORK/NCB/04/2081/082**
Date of publication: 2081/09/17 (01/01/2025)

1. ***Jagannath Rural Municipality has allocated funds*** towards the cost of ***Kaldanda Kapri Irrigation Canal Construction Work, Jagannath Thakurjiu ko Mandir Nirman, Jagannath R.M., Bajura*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Following Works***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Jagannath Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders under National Competitive Bidding.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

| S. N. | Contract ID.No. | Name of Works | Estimated Amount (Without VAT & Contingency) | Bid Document fee (Non-refundable) | Bid Validity Period | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1 | JRM/IC/WORK/ NCB/03/2081/082 | Kaldanda Kapri Irrigation Canal Construction Work | - | NRs. 5000.00 | 120 days | NRs. 7,15,000.00 |
| 2 | JRM/BC/WORK/ NCB/04/2081/082 | Jagannath Thakurjiu ko Mandir Nirman | NRs. 1,10,35,272.66 | NRs. 3000.00 | 90 days | NRs. 3,30,000.00 |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Jagannath Rural Municipality, Juddi, Bajura, jagganathmun@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be Downloaded from the PPMO e-GP system ***www.bolpatra.gov.np/egp.*** Bidders Should deposit the cost of bidding Documents in the Project rajaswa (revenue) account as specified below and the Scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic Submission of the bid.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Himalayan Bank Ltd., Jagannath Branch, Bajura.
Name of Office: Jagannath Rural Municipality.
Office Account no.: 07208951850012 (Rajaswa Account)
Office Account no.: 07208951850017 (Dharauti Account)
Rajaswa (revenue) Shirshak no. : 14229

6. Pre-bid meeting shall be held at ***Jagannath Rural Municipality*** at ***13:00 hours*** on ***2081/10/08 (21/01/2025).***
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2081/10/18 (31/01/2025).*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend ***13:00 hours on 2081/10/18 (31/01/2025)*** at the office ***Jagannath Rural Municipality, juddi, Bajura.*** Bids must be valid for a period of ***120,90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum Specified above which shall be valid for 30 days beyond the validity period of the bid
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल